# परिच्छेद एक : परिचय

सामुदायिक र संस्थागत विद्यालयको शैक्षिक उपलब्धि नामक शोधकार्यलाई पुरा गर्ने क्रममा यो शोधपत्रको परिच्छेद एकको परिचय खण्डमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको औचित्य, अध्ययनको उद्देश्य, अनुसन्धानात्मक प्रश्न, अध्ययनको परिसिमा गरी विभिन्न उपशिर्षकमा विभाजन गरी प्रस्तुत गरिएको छ ।

## १.१ अध्ययनको पृष्ठभूमि

सामान्यतया कुनै पनि काम गरे पश्चात त्यसबाट आशा गरिने तथा प्राप्त हुने सकारात्मक परिणामलाई उपलब्धि भनिन्छ । शिक्षा क्षेत्रमा एक शैक्षिक सत्र तथा शैक्षिक  कार्यक्रम भरी विद्यार्थीले गरेको शिक्षण सिकाइ क्रियाकलाप संग सम्बन्धित अध्ययन तथा शारिरीक, बौद्धिक, मनोबैज्ञानिक तथा सामाजिक क्रियाकलापका विविध पक्षको लेखाजोखा पश्चात प्राप्त हुने परिणामलाई शैक्षिक उपलब्धि भनिन्छ । शैक्षिक उपलब्धिको मापन पश्चात विद्यार्थीको स्तरीकरण गरिने भएकाले शिक्षा क्षेत्र तथा विद्यार्थीको भावि व्यवशायिक जीवनको निर्धारण समेत हुने हुँदा शैक्षिक उपलब्धिको अहम् भूमिका रहेको हुन्छ । तर यहाँ नेपालका सामुदायिक  र संस्थागत विद्यालय बीचको बिद्यार्थीको उपलब्धिको तुलना गर्नुपर्दा दुबै बीच ठुलो भिन्नता रहेको पाइन्छ । सुविधा लगायत विविध पक्षका हिसावले पनि विद्यार्थीको शैक्षिक उपलब्धिमा सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयहरु अब्बल रहेको पाइएता पनि नेपालको वर्तमान परिवेशमा विभिन्न निकायहरुमा आरक्षण तथा प्राविधिक र मेडिकल उच्च शिक्षामा छात्रबृत्तिको आशाले गर्दा पनि कतिपय विद्यार्थीहरु सामुदायिक विद्यालय तर्फ आकर्षित भएको पाइन्छ । सरकारले पनि आफ्नै मातहतमा संचालन गरेका सामुदायिक विद्यालयहरुलाई बढवा दिएको अवस्थामा पक्कै पनि संस्थागत विद्यालयको शैक्षिक उपलब्धि सामुदायिक विद्यालयहरुले पनि प्राप्त गर्न सकिने कुरा नकार्न सकिदैन ।

नेपालमा प्रजातन्त्रको स्थापनासंगै शिक्षा बिकासका थुप्रै प्रयासहरुले तीव्रता पाएका छन । २००७ सालदेखि हालको ६ दशकमा विभिन्न आयोगका प्रतिवेदन तथा परियोजनाहरु कार्यान्वयन भईसकेका छन । तर पनि शिक्षाले अपेक्षित रुपमा उपलब्धि हासिल गर्न भने नसकेको कुरा आज हाम्रो अगाडि घाम जस्तै छर्लङ्ग छ । सरकारले सामुदायिक विद्यालयमा वर्शेनी अरबौं लगानी बढाउदै लगेता पनि आशाजनक

परिणाम नपाउंदा सामुदायिक विद्यालयको परम्परागत धारबाट सञ्चालन भएको व्यवस्थापन पक्ष कतै सारै पुरानो र कमजोर भएको त होइन भन्ने शंका जनमानसमा फैलिन थालेको छ । जसको यथार्थ अनुभव संस्थागत विद्यालयमा बढेको विद्यार्थीको आकर्षण र सामुदायिक तथा संस्थागत विद्यालयको एस.एल.सी परीक्षाको परिणामको दुरीबाट पनि गर्न सकिन्छ (आचार्य, २०१२) ।

शिक्षा देश विकासको आधारशिला हो । शिक्षाले नै देशको सर्वाङ्गिण विकासका आवश्यक पर्ने जनशक्ति उत्पादन गर्दछ । शिक्षाका माध्यमबाट व्यक्ति, समाज र सिङ्गो राष्ट्रको चौतर्फि विकासको  मार्ग प्रसस्त हुन्छ । देशको सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक विकासका विभिन्न पक्षमा पनि शिक्षाको महत्वपूर्ण भूमिका रहने गर्दछ । शिक्षाले व्यक्ति, समाज र राष्ट्रको आवश्यकता अनुसारका ज्ञान, सीप र क्षमता प्रदान गर्दछ । त्यस्तै आजको युग बैज्ञानिक तथा भुमण्डलीकरणको युग भएकाले सिमित ज्ञान, सिप र क्षमताले प्रतिस्पर्धात्मक समाजमा बाँच्न सक्ने नागरिक तयार गर्न कठिन हुन्छ । त्यस्तै  अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति उत्पादन गर्नु पनि शिक्षाको दायित्व हो । आजको शिक्षाको आवश्यकता भनेको देशको पुनर्निर्माणमा सघाउनु पनि हो । सम्बृद्ध आधुनिक र न्यायपूर्ण नेपाल निर्माणका आधुनिक चिन्तनबाट दिक्षित र सामाजिक रुपान्तरणप्रति प्रतिवद्ध नागरिक आवश्यक पर्दछ । रोजगारमुलक जनशक्तिको अधिकतम प्रयोग गरी फराकिलो आर्थिक बृद्धि गर्नु पर्ने आजको चुनौती हो । अधिकारी, २०६९)

शुशासनको प्रवर्द्धन, सेवा प्रवाहमा प्रभावकारिता, पूर्वाधारको अधिकतम विकास, समावेशी समाजको निर्माण गर्ने काम आज मुलुकको महत्वपूर्ण चुनौतीको रुपमा रहेका छन् । यस्ता अनेकौ चुनौती सामना गर्ने कार्यमा शिक्षाको  महत्वपूर्ण दायित्व रहेको अवस्थामा मुलुकका अधिकांश नागरिकको पहुँच रहेका सामुदायिक विद्यालयले संस्थागत विद्यालय सरह पनि गुणस्तरीय शिक्षा दिन नसकेको अवस्थामा माथि उल्लेख गरिएका शिक्षाले गर्नुपर्ने कार्यहरु आकाशको फल आाखा तरि मर होला भन्नुमा अतिशयोक्ति  नहोला ।

## १.२ समस्याको कथन

सरकारले सामुदायिक विद्यालयमा लगानी बढाइरहे पनि आशाजनक परिणाम देखिन सकेको छैन । सामुदायिक विद्यालयको परिणाम लेखाजोखा गर्ने एस.एल.सी परिक्षाको नतिजालाई हेर्ने हो भने सामुदायिक विद्यालयहरु एक चौथाई नतिजामा चित्त बुझाउन बाध्य छन । सरकारले लागू गरेको विद्यालय क्षेत्र सुधार योजनाले पनि हाल सम्म कुनै उल्लेखनिय काम गर्न सकेको देखिदैन भने सिमित ब्यक्तिहरुको निजी लगानी तथा ब्यवस्थापनबाट स्थापना भई सञ्चालनमा रहेका संस्थागत विद्यालय अधिकांश मानिस बीच लोकप्रिय भई गुणस्तरीय शिक्षा दिन आफुलाई समाहित गर्न सकेको देखिन्छ । बालबालिकाको शैक्षिक अवसरको सुनिश्चितता सरकारका कानून तथा नीति नियमले स्पष्ट रुपमा उल्लेख गरेको भए तापनि सामुदायिक विद्यालयहरुले गुणस्तरिय शिक्षामा आफुलाई उद्यत राख्नबाट पन्छिन खोजेको देखिन्छ । अझै पनि कतिपय सामुदायिक विद्यालयहरुमा विद्यालयको भौतिक संरचनाहरु तथा शैक्षिक वातावरण सबै बालबालिकाका लागी उपयुक्त हुने खालका छैनन् । भाषिक लैङ्गिक, जातिगत, धार्मिक, भौगोलिक, आर्थिक तथा अपाङ्गता जस्ता समस्याले हाम्रा बालबालिका शिक्षा प्राप्त गर्ने अवसरबाट बञ्चित हुनु परिरहेको अवस्था छ ।

मुलुको सर्वाङ्गिण विकासको आधारशिलाको रुपमा रहेको शिक्षा क्षेत्रको प्रारम्भिक विन्दु नै विद्यालय हो । राष्ट्रले पनि अधिकांश शिक्षा क्षेत्रको लगानी मध्ये विद्यालय शिक्षामै खर्चेको अवस्थामा स्वभाविक रुपमा लगानी अनुरुपको उपलब्धि खोज्नै पर्ने हुन्छ । राष्ट्रले विद्यालयतहबाट खोज्ने शैक्षिक उपलब्धि, सरकारद्वारा लगानी नभएका संस्थागत विद्यालयको शैक्षिक अवस्था, उनिहरुले दिएको शैक्षिक योगदान आदि जस्ता विषयवस्तुको मनन गरी सामुदायिक र संस्थागत विद्यालयको शैक्षिक उपलब्धिलाई यस अध्ययनको समस्याको कथनको रुपमा लिइएको छ ।

यिनै उपरोक्त समस्याहरुको बारेमा अध्ययन गरी समस्याका कारण तथा समाधानका उपायहरु सुझाउनका लागि यो अनुसन्धान कार्यलाई रुपन्देही जिल्लाको भैरहवा श्रोतकेन्द्रस्तरका ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयहरुको स्थलगत अध्ययन गरी विद्यालयको शैक्षिक उपलब्धिको वास्तविकता पत्ता लगाई बोधगम्य भाषाशैलिमा प्रस्तुत गरी विस्तृत अध्ययन प्रतिवेदन तयार गरिएको छ ।

### १.३ अध्ययनको औचित्य

यस अध्ययनले बालबालिकाहरुको शैक्षिक उपलब्धि प्राप्ति गर्नमा अवरोध पुऱ्याउने तत्व र शैक्षिक उपलब्धि वृद्धि गर्ने सम्भावित उपायहरुको खोजी गरी बालबालिकाको चौतर्फी विकासमा सहयोग गर्ने यस अध्ययनले औचित्य रहने छ । सामुदायिक र संस्थागत विद्यालयको शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन सम्बन्धि यस शोध अनुसन्धानका शीर्षक छनोट गर्नुको औचित्य सामुदायिक र संस्थागत विद्यालय बीचको शैक्षिक उपलब्धिको अवस्थाको अध्ययन गर्न चाहने शिक्षक, विद्यार्थी, अनुसन्धानकर्ताको लागि यो शोध अनुसन्धान महत्त्वपूर्ण हुनेछ ।

### १.४ अध्ययनको उद्देश्य

सामुदायिक र संस्थागत विद्यालयको शैक्षिक उपलब्धिको अध्ययन सम्बन्धी यस शोध अनुसन्धानका निम्न उद्देश्यहरु रहेका छन्

१. सामुदायिक र संस्थागत विद्यालयको शैक्षिक उपलब्धि पत्ता लगाउनु,

२. सामुदायिक तथा संस्थागत विद्यालयमा शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वहरु खोजी गर्नु ,

३. सामुदायिक तथा संस्थागत विद्यालयका शैक्षिक उपलब्धिमा देखिएका समस्या पत्ता लगाउनु,

४. सामुदायिक र संस्थागत विद्यालयकका शैक्षिक उपलब्धिमा देखाएका समस्या समाधानका उपायहरु खोजी गर्नु ।

### १.५ अनुसन्धानात्मक प्रश्न

यस अध्ययनमा सामुदायिक र संस्थागत विद्यालयको विद्यार्थी उपलब्धिसंग सम्बन्धित निम्न प्रश्नहरुको उत्तर पाउने कोशिश गरिएको छ ।

१) विगत वर्षको सामुदायिक विद्यालयहरुको एस.एल.सी. परीक्षाको उपलब्धि ।

२) संस्थागत विद्यालयको एस.एल.सी. परीक्षाको नतीजा ।

३) विद्यालयको शैक्षिक उपलब्धि कमजोर हुनुका जिम्मेवार पक्षहरु ।

४) शैक्षिक उपलब्धि बृद्धि गर्न गर्नु पर्ने कार्य तथा प्रयास ।

५) वर्तमान परीक्षा प्रणालीको अवस्था ।

६) शैक्षिक उपलब्धि बृद्धि गर्न विद्यालयहरुले गर्नु पर्ने परीक्षाको व्यवस्थापन ।

७) शैक्षिक उपलब्धिलाई प्रभाव पार्ने राजनीतिक तथा भौतिक तत्वहरु ।

८) विद्यालयको समग्र शैक्षिक अवस्था सुधार गर्न गर्नु पर्ने कार्यहरु ।

९) शैक्षिक उपलब्धि उच्च हुनु र नहुनुमा विद्यालय व्यवस्थापन समितीको भूमिका रहन्छ ।

**१.६ अध्ययनको परिसीमा**

यो अध्ययनलाई समयको सिमितता, स्रोत साधन र आर्थिक अभाव आदि कारणले गर्दा भैरहवा स्रोतकेन्द्र अर्न्तगत पर्ने ५ वटा संस्थागत र ५ वटा सामुदायिक गरी जम्मा १० वटा माध्यमिक तहका विद्यालयमा केन्द्रित गरिएको छ । जसमध्ये प्रत्येक विद्यालयका १० जना प्रधानाध्यापक, १० जना वि.व्य.स. अध्यक्ष, २० जना शिक्षक, २० जना शिक्षक अभिभावक संघ र २० जना विद्यार्थी गरी जम्मा ८० जना उत्तरदातालाई उद्देश्यमूलक नमुनाको रुपमा छनोट गरिएको छ । विद्यालयहरुको विगत ३ वर्ष देखिको एस.एल.सी. परीक्षाको उपलब्धिमा परिसिमित गरिएको छ । जसमध्ये माध्यमिक तहमा शैक्षिक उपलब्धि, शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्व, शैक्षिक उपलब्धिमा देखिएका कमजोरी, शैक्षिक उपलब्धि वृद्धि गर्ने उपायमा परिसीमित गरिएको छ ।

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक ढाँचा

सामुदायिक र संस्थागत विद्यालयको शैक्षिक उपलब्धि शोधकार्यलाई पुरा गर्ने क्रममा यो शोधपत्रको दोश्रो परिच्छेदमा सम्बन्धित साहित्यको पुनरावलोकन, सैद्वान्तिक ढाचा, पुनरावलोकनको उपादेयता जस्ता उपशिर्षक राखीएको छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

शिक्षा मानव विकासको आधार स्तमभ हो । शिक्षालाई जुनसुकै देशको चौतर्फि विकासको आधारशिलाको रुपमा लिइन्छ । समाज परिवर्तन र विकासको सम्वाहक नै शिक्षा हो । आज विश्वमै शिक्षालाई व्यक्तिको नैसर्गिक अधिकारको रुपमा लिन थालिएको छ । विश्व सभ्यताको विकासक्रम संगै शिक्षाको पनि विकास भएको मानिन्छ ।

हरेक समस्याको बारेमा अध्ययन अनुसन्धान गर्दा त्यस समस्यासाग सम्बन्धित विभिन्न साहित्यको अध्ययन, चिन्तन मनन, लेखाजोखा, व्याख्या, विश्लेषण गरी निष्कर्षमा पुग्नुपर्ने हुन्छ । आफुले अध्ययन गर्न लागेको विषयवस्तु अर्थात् समस्या सान्दर्भिक छ वा छैन, त्यसको सार्थकता एवं औचित्य कस्तो छ भन्ने बारेमा जान्नको लागि पनि साहित्यको पुनरावलोकन गर्नुपर्ने हुन्छ । यो एउटा लामो प्रकृया हो जुन समस्याको छनोट गर्नु पूर्वदेखी अनुसन्धान कार्य पूरा नहुन्जेलसम्म जारी रहन्छ ।

हरेक अनुसन्धान यस अगाडि विश्लेषण नगरिएको विषयवस्तुमा केन्द्रित हुन्छ । अनुसन्धान गरिएकै विषयमा पनि फरक दृष्टिकोणले अनुसन्धान गर्न सकिन्छ । विगतको अनुसन्धान र वर्तमान अनुसन्धानका परिणामहरू फरक हुन सक्छन् । त्यसै गरी भूगोल विशेषले पनि अनुसन्धानको सार्थकता प्रकट गर्छ । नेपालमा माध्यमिक तहमा पढ्ने केही प्रतिनिधि विद्यालय र विद्यार्थीहरू बीच गरिएको यो अध्ययन उनीहरूको सर्वाङ्गीण पक्षको विकासमा रहने बाधा पत्ता लगाउनको निम्ति हो ।

अनुसन्धानका सहयोगी सामग्रीहरूको सन्दर्भ साहित्य भन्नाले पुस्तक, जर्नल, अब्सट्र्याक्स, रिपोर्ट, म्याग्जिन, समाचारपत्र, इन्टरनेट स्रोत इत्यादि पर्दछन् । धेरै चर्चा भइसकेका विषयहरूमा पर्याप्त साहित्य उपलब्ध हुन्छन् । कम चर्चा भएका वा हालचालै पहिचान भएका विषहरूमा त्यति धेरै साहित्य नपाइन सक्छन् । प्रस्तुत अध्ययनको विषय नेपालको परिप्रेक्ष्यमा विल्कुलै नौलो नभएता पनि सामुदायिक र संस्थागत विद्यालयको

शैक्षिक उपलब्धिको तुलना शिर्षक वर्तमान परिवेशमा नविनतम रुपमा अध्ययन, विश्लेषण गरी तयार गरिएको छ । जसले दुवै थरीका विद्यालमा अध्ययनरत विद्यार्थीहरुको शैक्षिक उपलब्धिको मापन र मूल्यांकन लाई उपलब्ध स्रोत र सामग्रीहरूलाई एथेष्ट प्रयोग गर्ने प्रयास गरिएको छ ।

नेपालको सन्दर्भमा कुरा गर्ने हो भने प्राचीन देखि आधुनिक काल सम्म विभिन्न आरोह अवरोह पार गर्दै शिक्षाको विकासक्रम अगाडि बढेको पाइन्छ । प्राचीन कालिन शिक्षा अन्तर्गत आदिकालीन, संस्कृत, बौद्व शिक्षा जस्ता शिक्षाका कालखण्डहरुको विकास भएको पाइन्छ ।

मध्यकालीन शिक्षा अन्तर्गत लिच्छवीकालीन शिक्षा, मल्लकालीन शिक्षा गरी शिक्षाका चरणहरु विकसित भएको पाइन्छ । त्यस बखत गुरुकुल शिक्षा पद्धति, संस्कृत वा वैदिक सनातन धर्म सम्बन्धि शिक्षाहरु दिइन्थ्यो । कालान्तरमा शिक्षाको स्वरुप परिवर्तन हुादै गयो जसको फलस्वरुप आजको शिक्षा पद्धतिको विकास भएको पाइन्छ ।

आधुनिक शिक्षा कालमा औपचारिक शिक्षाकाल र राणाकालीन शिक्षाको विकास भएको पाइन्छ । राणाकालमै नेपालमा औपचारिक शिक्षाको प्रारम्भ भएको पाइन्छ । वि.सं. १९१० सालमा तात्कालिन राणा प्रधानमन्त्री जंगबहादुरले थापाथली दरवारमा अंग्रेजी प्राथमिक विद्यालयको शुरुआत गरे पश्चात नेपालका लागि शिक्षा क्षेत्रको औपचारिक शिक्षाकेन्द्र भयो । यसरी जंगबहादुरले स्थापना गरेको दरवार स्कुल क्रमश मिडिल स्कुल हुादै वि.सं. १९३४ सालमा माध्यमिक विद्यालयमा परिणत भयो । यो नै नेपालको प्रथम माध्यमिक विद्यालय मानिन्छ । राणाहरुका छोराछोरीलाई मात्र शिक्षा दिने गरी स्थापना भएको यो विद्यालयलाई वि.सं. १९४२ मा तात्कालीन राणा प्रधानमन्त्री विरशमशेरले सर्वसाधारणका लागि खुला गरिदिए । कलकत्ता विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरेको् यस विद्यालयको नियम, पठन, पाठ्यक्रम र परीक्षा कलकत्ता विश्वविद्यालयको नियमानुसारनै चल्दै आयो (सिंह, २०६३) ।

समयक्रमसंगै नेपालमा शिक्षा विकासको क्रम बढ्दै गयो । देशै भरी विभिन्न खाले शिक्षालयहरुको स्थापना हुादै गयो । वि.सं. १९९० मा एस.एल.सी. परीक्षा वोर्डको स्थापना भएपश्चात नेपालको आफ्नै नियम, पाठ्यक्र अनुसार विद्यालयहरु संचालन हुन थाले । राणाहरुको आन्तरिक चाहना विद्यालय नखोल्ने भएता पनि

जनलहर रोक्न सक्ने स्थिती नभएपछि पहिलो पटक शिक्षा क्षेत्रलाई व्यवस्थित गर्नु शिक्षा इस्तिहार जारी भएको पाइन्छ । यो नै नेपालको शैक्षिक क्षेत्रको पहिलो ऐन थियो । जुन ऐन अन्तर्गत विद्यालयहरुको स्वीकृति प्रदान गरी विद्यालयहरु धमाधम खुल्न थाले ।

हाल आएर सरकारद्वारा संचालित सामुदायिक विद्यालयहरुले मात्र शिक्षा दिन कठिन भएको महसुस गरी विभिन्न शिक्षा प्रेमी नागरिकहरुले निजी लगानीमा सरकारी नियम कानुनको पालना गर्दै विभिन्न खाले संस्थागत विद्यालयहरु स्थापना गर्न थाले । सामुदायिक विद्यालय सरह संस्थागत विद्यालयहरुले पनि नेपालको शिक्षाको विकासक्रममा योगदान पुऱ्याउादै आजको स्थिती सम्म शिक्षालाई ल्याई पुऱ्याएको कुरा सर्वविदितै छ ।

अनुसन्धानात्मक कार्यको पूर्णताका सम्बन्धित विषयवस्तुसंग मेल खाने यस अध्ययन भन्दा पूर्व गरिएका विभिन्न अध्ययन अनुसन्धान, अनुसन्धानात्मक लेखहरु, ऐन तथा नियमावलीहरु, पत्रपत्रिका, लेख रचना, शिक्षा संग सम्बन्धित विभिन्न बुलेटीन तथा इन्टरनेटका ब्लगहरु, विभिन्न लेखकका आर्टिकलहरुका साथै रुपन्देही जिल्ला अन्तर्गतको भैरहवा श्रोतकेन्द्रका ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयहरुको विगत ३ वर्ष देखिको एस.एल.सी. परीक्षाको परीक्षाफलको तुलनात्मक अध्ययन गरिएको छ ।

## २.२ सैद्धान्तिक ढाँचा

यस अध्ययन सैद्धान्तिक खाकाको रुपमा वैज्ञानिक व्यवस्थापनको सिद्धान्त र मानव सम्बन्ध सिद्धान्त दुईवटा सिद्धान्तलाई सैद्धान्तिक खाकाको रुपमा उपयोग गरिएको छ । मुलत यो अध्ययन सामुदायिक तथा संस्थागत विद्यालयका शैक्षिक उपलब्धिसँग केन्द्रित रहेको छ । त्यसैले यस अध्ययनमा वैज्ञानिक व्यवस्थापनको सिद्धान्त र मानवीय सम्बन्धले सामुदायिक र संस्थागत विद्यालयको शैक्षिक उपलब्धिमा कसरी सुधार गर्न सकिन्छ भनेर फरक फरक चिन्तन प्रस्तुत गरेता पनि शैक्षिक उपलब्धि वृद्धि गर्ने दिशा तर्फ उन्मुख भएकोले यस पक्षलाई समेटिएकोले यी दुईवटै सिद्धान्तहरुलाई आधार मानिएको छ ।

**वैज्ञानिक व्यवस्थापन सिद्धान्त**

यस सिद्धान्तका प्रतिपादक एफ डब्लु टेलर हुन । यस सिद्धान्त अनुसार समय, गति र थकाइको अध्ययन गरी कामको निर्धारण गर्ने, कामको योजना बनाउने, कामदारको परम्परागत कार्यशैलीलाई परिवर्तन गरी वैज्ञानिक ढंगले कामदार छनोट गर्न छानिएको कामदारलाई तालिम दिने, वैज्ञानिक ढंगबाट कार्य पूरा हुने गहिरो सामञ्जस्यता कायम गर्ने, कामदारलाई उच्चतम उपलब्धि हासिल हुने गरी परिचालन गर्ने स्पष्ट कार्य विभाजन गर्ने यन्त्र औजारको गुणस्तर बढाउने, काम गर्ने वातावरणमा सुधार गर्न, कामदार व्यवस्थापनमा चेतना जगाउने र मानसिक क्रान्ति ल्याउने हो भने कार्य सम्पादनमा प्रस्तुत र दक्षता बढाउने उत्प्रेरणा स्तर सुधार र उत्पादनमा वृद्धिको लागि मानवीय श्रम र तौर तरिकामा जोड दिएका छन् ।

एफ डब्लु टेल (१९६४), ले प्रतिपादन गरेका वैज्ञानिक व्यवस्थापनका सिद्धान्तहरु निम्न अनुसार रहेका छन् : वैज्ञानिक तरिकाबाट परम्परागत कार्यशैलीको विस्थापन कुनै पनि संगठनको विकासको लागि पुराना एवं परम्परागत शैलीको विस्थापन गर्ने कुरामा यो सिद्धान्तले जोड दिएको छ । यसबाट संस्थामा विधिको शासन कायम भई कामदार र संस्था प्रमुखबीचको सम्बन्ध राम्रो हुन जान्छ । कामदारबीचको वैभनस्यता हटाइ सुमधुर समझदारीको स्थापना संस्थामा कार्यरत कामदार (कर्मचारी) बीच आपसी वैमनस्थता हट्नुपर्ने तथा तिनीहरुबीच सुमधुर समझदारी कायम हुनुपर्ने कुरामा यो सिद्धान्तले जोड दिएको छ । सङ्कीर्ण व्यक्तिवादी सोचको सट्टा मानवीय सहयोग सम्बन्धको विकास व्यक्तिवादी सोच हटाउन सकेमा संगठनका कर्मचारीहरुको जिम्मेवारी बोध हुने कुरा र कर्मचारीबीच एक अर्काले मानवीय सहयोग पुऱ्याउने तर्फ यस सिद्धान्तले जोड दिएको छ । संकुचित उपलब्धिको सट्टा बृहत्त उपलब्धिका लागि काम यस सिद्धान्तले काम अनुसारको मामलाई जोड दिएको छ । यसबाट चाकरी चाप्लुसी घट्छ र इमान्दारिता बढ्छ । संगठनमा वस्तुवादी चिन्तनमा वृद्धि हुन्छ र कामदारको क्षमताको उच्च प्रयोग भई संगठन र कामदार दुवै पक्षको लाभ हुन्छ । कामदार र संगठनको पूर्ण क्षमताको विकास कामदारको दक्षता, क्षमता र संगठनको लक्ष्य प्राप्तिको तालमेल मिलाउन यस सिद्धान्तले मार्ग निर्देशन गरेको छ । यसले प्रतिभा संकुचन र अवरुद्ध पूँजीको समस्याको समाधान दिएको छ ।

यसरी टेलरको बैज्ञानिक व्यवस्थापन सिद्धान्तलाई विद्यालयको व्यवस्थापनसंग जोडेर विद्यालयलाई नयाँ तरिकाले व्यवस्थापन गरी शैक्षिक उपलब्धि बृद्धि गर्न सकिन्छ भन्ने कुरालाई जोडिएको छ ।

यस सिद्धान्तमा आधारित भई उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरुको शैक्षिक व्यवस्थापन गर्दा वैज्ञानिक तरिकाबाट परम्परागत शैलीको विस्थापन गरी विद्यालयको शैक्षिक योजना बनाउने, प्राधानाध्यापक शिक्षक विद्यार्थी अभिभावक, विद्यालय व्यवस्थापन समिति बीचको वैमनस्यता हटाई सुमधुर र साझेदारी उनीहरुबीच व्यक्तिवादी सोचको सट्टा मानवीय सहयोग सम्बन्ध विकास गरी शिक्षण सिकाइ विधि एवं प्रक्रियामा सुधार ल्याउने, शैक्षिक सामग्रीको व्यवस्था गर्ने जस्ता लक्ष्य पूरा गर्नका लागि गर्नुपर्ने हुन्छ ।

मानव सम्बन्ध सिद्धान्तका सिद्धान्तकारमा जर्ज इल्टन मायो, मेरी पार्कर फोलेट, अब्राहम मास्लो, डगलस, म्याक ग्रेगर र जोन उडवर्ड प्रमुख मानिन्छ । जसमध्ये मेरी पार्कर फोलेटको सिद्धान्तलाई लिइएको छ ।

मेरी पार्कर फोलेटको समन्वयका सम्बन्धमा चारवटा सिद्धान्त प्रस्तुत गरेकी छन् : प्रत्यक्ष सम्पर्कबाट समन्वय सिधा सम्पर्कको समन्वय निकै प्रभावकारी हुन्छ यसले आफ्ना मातहतका सदस्यमा हार्दिकतको विकास हुन्छ । तेस्रो ठाडो र छड्के सञ्चार सम्बन्ध स्थापित गरी प्रत्यक्ष सम्पर्क कायम गरी समन्वय गर्दा व्यवस्थापनमा नयाँ सोंच तथा प्रक्रियाको प्रयोग गर्न सिकाउँछ ।

प्रारम्भिक अवस्थामा समन्वय संगठनको जन्मदेखि नै समन्वयको काम सुरु हुन्छ र  गर्नुपर्छ । संगठनमा पद वहालीपछि आफ्नो क्षेत्रभित्रको समन्वयात्मक भूमिकामा व्यवस्थापक सधैं सचेत हुनुपर्दछ ।

निश्चित परिस्थितिमा सम्पूर्ण सम्वद्ध तत्वको पारस्परिक सम्बन्धको रुपमा समन्वयः कुनै पनि संगठनमा व्यक्तिबीचको आपसी सम्बन्धमा मानवीय तत्व वाहेकका तत्वको पनि सम्बन्ध रहने कुराको ख्याल गर्नु पर्दछ ।

समन्वय एक निरन्तर प्रक्रियाको रुपमा : संस्थाको उन्नतिका लागि संस्थामा कार्यरत कर्मचरी र संस्थापकहरुबीच निरन्तर समन्वय भइरहनु पर्दछ । माध्यमिक

विद्यालयका विद्यार्थीहरुमा मेरी पार्कर फोलेटको सिद्धान्तको प्रयोग गर्दा व्यवस्थापन राम्रो भइ उद्देश्य अनुसार विद्यार्थीको शैक्षिक उपलब्धिमा वृद्धि हुनेछ ।

शैक्षिक व्यवस्थापनले विद्यालय व्यवस्थापनलाई सुदृढ बनाउन विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, अभिभावक, विद्यार्थी लगायत अन्य सम्बद्ध व्यक्तिहरु तथा सवै पक्षबीच राम्रो सम्बन्ध र समन्वय हुनु नितान्त आवश्यक देखिन्छ । मानव सम्बन्ध सिद्धान्त अनुसार सामुदायिक तथा संस्थागत विद्यालयहरुले यससँग सम्बन्धित सबै पक्षसँग राम्रो सम्बन्ध कायम गर्न सके सवै पक्षबाट सहयोग प्राप्त हुन्छ । दुबै विद्यालयमा अन्ययनरत विद्यार्थीहरुको शैक्षिक गुणष्तरमा सुधार भइ गुणस्तरीय शिक्षा प्राप्त गर्ने वातावरण बन्छ भन्ने मान्यता अनुसार यस सिद्धान्तलाई यस अध्ययनमा सैद्धान्तिक खाकाको रुपमा लिइएको छ ।

विद्यालयले स्थापना कालदेखी नै समन्वयको काम गर्नुपर्दछ । विद्यालय व्यवस्थापन समितिले संगठनको काम र विद्यालय व्यवस्थापन समितिका अध्यक्षले व्यवस्थापकको भूमिका खेल्नु पर्दछ । विद्यालय व्यवस्थापन समितिले शैक्षिक उपलब्धिमा कुन कुराको प्रभाव पार्‍यो पत्ता लगाई सामुदायिक तथा संस्थागत विद्यालयको शैक्षिक उपलब्धि बृद्धिका उपायहरु खोजी गर्नुपर्ने भएकोले यस सिद्धान्तलाई यस अध्ययनमा सैद्धान्तिक खाकाको रुपमा लिइएको छ ।

## २.३ पुनरावलोकनको उपादेयता

सम्बन्धित साहित्यको पुनरावलोकनले सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको शैक्षिक क्षेत्रमा भए गरेका प्रयासहरु, सरकारी नीति तथा नियमहरु शैक्षिक समस्या तथा समाधानका सहयोग पुर्‍याएको छ । प्रस्तुत अध्ययनलाई उचित मार्ग निर्देशन गर्न र प्रयोग गर्न मिल्ने सैद्धान्तिक ढाँचाको चयन गर्न निर्देशन दिएको छ । अध्ययनलाई विषयान्तर हुनबाट बचाइ शोधपत्रलाई संगठित बनाई बृहत्त हुने अवस्थाबाट जोगाइ निश्चित सीमामा रहेर निष्कर्षमा पुग्न साथै उद्देश्यमुखी बनाउन, उच्च माध्यमिक विद्यालयका सरोकारवालाबाट जानकारी प्राप्त गरी शोध लेखनमा मद्दत पुर्‍याएको छ । सामुदायिक तथा संस्थागत विद्यालयको शैक्षिक उपलब्धि अध्ययनको लागि प्रयोग भएका वैज्ञानिक व्यवस्थापनको सिद्धान्त र मानव सम्बन्ध सिद्धान्तको धारणा फरक भए पनि उपलब्धि वृद्धि गर्नमा विशेष जोड दिएका छन् । यस प्रकार यी सिद्धान्तहरु कामदारलाई प्रोत्साहित गरी उद्योगको

उत्पादन बढाउने मान्यतामा आधारित भए पनि शैक्षिक उपलब्धिमा यिनको प्रयोग हुँदा जुन उपलब्धिहरु शिक्षा क्षेत्रले पायो त्यसै आधारमा यस अध्ययनबाट आएका प्राप्तिहरुको व्याख्या विश्लेषण गर्न उपयोगी भएको छ । यस सिद्धान्तले शिक्षकलाई नयाँ तरिकाले शिक्षण गर्नु शिक्षक शिक्षा सम्बन्धी सरोकारवालासँग सम्बन्ध राखी सुमधुर सम्बन्ध कायम गरी शैक्षिक उपलब्धिको पहिचान गर्न सहयोग मिल्दछ । यस वैज्ञानिक व्यवस्थापन सिद्धान्तले शिक्षक तथा सरोकारवाला व्यक्तिको सकारात्मक सोचको विकास भई एक अर्कामा मानवीय  सम्बन्ध कायम गरी शैक्षिक उपलब्धिमा के कुराले प्रभाव पारेका छन् भन्ने कुराको विश्लेषण गर्न सहयोग पुऱ्याएको छ । संस्थाको उन्नतीका लागि संस्थामा कार्यरत संस्थापक र कर्मचारी बीच समन्वय कायम रहनु पनि भएकोले मानव सम्बन्ध सिद्धान्तले सामुदायिक तथा संस्थागत विद्यालयका सबै सरोकारवालासँग समन्वय गरी शैक्षिक उपलब्धिमा देखिएका कमजोरी पत्ता लगाउन सहयोग पुगेको छ । शिक्षक र विद्यालयको पूर्ण क्षमता[illegible] विकास शिक्षकहरुको दक्षता र क्षमताको वृद्धि गरी माध्यमिक तहको शैक्षिक उपल[illegible] वृद्धि गर्न सहयोग पुगेको छ । समय बचाएको छ । यस शोधपत्रको सिद्धान्त छान्न मद्दत गरेको छ । ढाँचाको बारेमा जानकारी दिएको छ ।

# परिच्छेद तीन : अनुसन्धान विधि

यस शोधकार्यको तेस्रो परिच्छेदमा अनुसन्धानको ढाँचा, तथ्यांक संकलनका स्रोत, जनसंख्या र नमुना छनोट, तथ्यांक संकलनका साधन जस्ता उपशीर्षक राखी अध्ययन कार्यलाई पुरा गर्ने लक्ष्य राखिएको छ ।

## ३.१ अनुसन्धान ढाँचा

अनुसन्धान कार्यका लागि पूर्वयोजना र रणनीतिको आवश्यकता पर्दछ । योजना र रणनीति विनाको कुनै पनि कार्य पुरा हुन सक्दैन । तसर्थ कुनै पनि अनुसन्धान कार्यका लागि तयार पारिने बृहत योजना तथा रणनीतिलाई नै अनुसन्धान ढाँचा भनिन्छ । अनुसन्धान अनुसन्धान गुणात्मक र परिमाणात्मक गरी मिश्रित ढाँचा आधारित छ । गुणात्मक अनुसन्धानात्मक ढाँचा संख्यालाई भन्दा गुणलाई महत्व दिई त्यसकै आधारमा संकलन हुने तथ्यांकलाई गुणात्मक ढाँचा भनिन्छ भने परिमाणात्मक अनुसन्धानात्मक ढाँचाले संख्या वा मात्रामा आधारित तथ्यांकलाई परिमाणात्मक ढाँचा भनिन्छ । यहाँ सामुदायिक र संस्थागत विद्यालयको एस.एल.सी. परीक्षाको नतिजाको तुलनात्मक अध्ययन गरी परिमाणात्मक ढाँचाको प्रयोग गरी अनुसन्धान कार्य पुरा गरिएको छ ।

## ३.२ जनसंख्या र नमुना छनौट

जनसंख्या भन्नाले निश्चित भूगोल भित्र बसोबास गर्ने व्यक्तिहरुको समुहलाई बुझाउँछ । यस शोध अनुसन्धानमा रुपन्देही जिल्लाको भैरहवा स्रोकेन्द्र अन्तर्गत रहेका माध्यमिक तहका ४४ संस्थागत र सामुदायिक तर्फका ४० गरी जम्मा ८४ माध्यमिक विद्यालय मध्ये संस्थागत तर्फका ५ र सामुदायिक तर्फका ५ वटा गरी कूल जम्मा १० वटा विद्यालयलाई नमुना छनोटको रुपमा लिइएको छ । उत्तरदाताको रुपमा सामुदीयक र संस्थागत विद्यालयका १० जना प्रधानाध्यापक, १० जना विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, २० जना शिक्षक, शिक्षक अभिभावक संघका अध्यक्ष २० जना र २० जना विद्यार्थी १४ जम्मा ८० जनालाई जनसंख्या र नमुना छनोटको रुपमा लिई शोध कार्यलाई पुरा गरिएको छ ।

## ३.३ तथ्यांक संकलनका साधन

शोध कार्यलाई पुरा गर्न विभिन्न खाले तथ्यांकको आवश्यकता पर्दछ । अनुसन्धानकर्ताद्वारा पहिलोपटक संकलित तथ्यांकलाई प्राथमिक तथ्यांक भनिन्छ । प्रश्नावली, अन्तर्वार्ता, प्रत्यक्ष अवलोकन आदिका माध्यमबाट प्राथमिक तथ्यांक संकलन गर्न सकिन्छ । यस अध्ययन प्रतिवेदको पूर्णताका लागि अन्तर्वाता प्रश्नावली, सर्वेक्षण फाराम, प्रत्यक्ष अवलोकन जस्ता प्राथमिक तथ्यांक संकलनका साधनको प्रयोग गरी जिल्ला शिक्षा अधिकारी, विद्यालय निरीक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक तथा विद्यार्थीद्वारा फाराम भराई शोध कार्य पुरा गरिएको छ ।

प्राथमिक तथ्यांक संकलनका साथ साथै अनुसन्धान कार्यलाई पुरा गर्न सहायक तथ्यांकको पनि आवश्यकता पर्दछ । पहिले नै संकलन गरिएका तथ्यांकलाई अनुसन्धानकर्ताले पुनः प्रयोग गर्दछ भने त्यस्ता तथ्यांकलाई सहायक वा द्वितिय तथ्यांक भनिन्छ । विभिन्न प्रतिवेदन, दस्तावेज, लेख डायरी प्रकाशित वा अप्रकाशित लेख आदिबाट तथ्यांक प्राप्त गरी प्राथमिक र द्वितिय तथ्यांकको प्रयोग गरी यो शोध अनुसन्धान कार्यलाई पुरा गरिएको छ ।

## ३.४ तथ्यांक संकलनका स्रोत

यस शोधकार्यमा आफ्नो उद्देश्य पूरा गर्ने सिलसिलामा खासगरी दुई किसिमका तथ्यांक संकलनका तरिका अवलम्बन गरिने छ ।

प्राथमिक तथ्यांक संकलन : यस विधिअन्तर्गत शोधकर्ता स्वयं अध्ययन क्षेत्रमा गएर अवलोकन, निरीक्षण गर्ने, अन्तर्वार्ता लिने, सोधपुछ गर्ने, अन्तर्वार्ता प्रश्नावलीमार्फत जवाफ खोज्ने कार्य गरिएको छ । अध्ययन क्षेत्रका सम्बन्धित प्र.अ., शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समितीका अध्यक्ष साग अन्तरकृया र सोधपुछबाट विद्यार्थीको शैक्षिक उपलब्धिको लागि आवश्यक तथ्यांक लिइने छ ।

द्वितीय तथ्यांक संकलन विधि : यस शोधकार्यलाई पूर्णता दिलाउन प्राथमिक तथ्यांकको अलवा द्वितीय स्रोतबाट समेत संकलन गरिएको छ । द्वितीय स्रोतका रूपमा सम्बन्धित विषयका विभिन्न पत्रपत्रिकामा प्रकाशित लेख, रचना, पुस्तक, अभिलेख एंव

पुराना शोधपत्र, इन्टरनेटका आर्टिकल आदिसमेतको सहयोग लिइ अनुसन्धान कार्य पुरा गरिएको छ ।

### ३.५ तथ्यांक संकलन प्रक्रिया

तथ्यांक संकलन कार्यका विषयवस्तुसंग सम्बन्धित अन्तर्वार्ता प्रश्नावली, प्रत्यक्ष अन्तर्वार्ता, सर्वेक्षण फाराम, तयार गरी जिल्ला शिक्षा अधिकारी, विद्यालय निरीक्षक, प्र.अ., शिक्षक, विद्यालय व्यवस्थापन समितीका पदाधिकारीहरुलाई भर्न लगाउनुका साथै उनिहरुसंग प्रत्यक्ष अन्तर्वार्ता गरी तथ्यांक संकलन गरिएको छ ।

### ३.६ तथ्याङ्कको व्याख्या तथा विश्लेषण प्रक्रिया

सर्वेक्षण फारम र अन्तरवार्ता प्रश्नावली तयार गरी प्रधानाध्यापक विद्यालय व्यवस्थापन समिति अध्यक्ष, शिक्षक अभिभावक संघ, शिक्षक र विद्यार्थीबाट सूचना एवं तथ्याङ्क संकलन गरिएको छ । आवश्यकता अनुसार तथ्याङ्कलाइ प्रतिशतमा पनि देखाइएको छ । तथ्याङ्कको प्रस्तुतिकरण तथा विश्लेषण गर्दा मुख्य रुपमा व्याख्यात्मक र वर्णनात्मक पद्धति अपनाइएको छ । यस अध्ययनमा अनुसन्धानकर्ताद्वारा तथ्याङ्क सङ्कलनको लागि विद्यालय जाँदा देखेका र प्राप्त गरेका अनुभवहरु समेटेर वैज्ञानिक व्यवस्थापन, मानव सम्बन्धको सिद्धान्तसंग सम्बन्धित गरी व्याख्या तथा विश्लेषण गरिएको छ ।

# परिच्छेद चार : नतिजा विश्लेषण

यस परिच्छेदमा संलकन गरिएको तथ्याङ्कको व्याख्या तथा विश्लेषण गरिएको छ । जसको लागि नमूना छनौट गरिएका १० वटै विद्यालयका विद्यालय व्यवस्थापन समिति अध्यक्ष, अभिभावक, प्रधानाध्यापक, शिक्षक, विद्यार्थीसँग गरिएको अन्तरवार्ताको आधारमा प्राप्त तथ्याङ्क तथा प्रतिक्रियालाई व्यवस्था तथा विश्लेषण गर्न परिमाणत्मक तथा गुणात्मक विधि अवलम्वन गरिएको छ । विद्यालय तहमा शैक्षिक उपलव्धि, विद्यार्थीहरुको शैक्षिक उपलव्धिमा प्रभाव पार्ने तत्व, शैक्षिक उपलब्धि वृद्धि गर्ने उपायहरुमा वर्गीकरण गरी व्याख्या र विश्लेषण गरिएको छ ।

## ४.१ सामुदायिक तथा संस्थागत विद्यालयको शैक्षिक उपलब्धि

तथ्याङ्कको व्याख्या र विश्लेषण गरी सोको आधारमा उपलब्धिको लेखाजोखा गर्नु यसको उद्देश्य रहेको हुँदा र तालिकामा शैक्षिक उपलब्धि प्रस्तुत गरी व्याख्या र विश्लेषण गरिएको छ ।

### ४.१.१ सामुदायिक तथा संस्थागत विद्यालयको परीक्षा नतिजा (२०७०)

सामुदायिक तथा संस्थागत विद्यालयको परीक्षा नतिजा (२०७०) सालको परीक्षा प्ररिणाम निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका १ : एस.एल.सी.परीक्षा नतिजा (२०७०)**

| क्र. स. | विद्यालयको नाम | परीक्षामा सम्मिलित | | | उत्तीर्ण | | | उत्तिर्ण प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| १ | भैरहवा नमुना उ.मा. वि. | २३ | ४६ | ६९ | ७ | ८ | १५ | २१.७४ |
| २ | पक्लिहवा.मा. वि | ५२ | ११३ | १६५ | १७ | २२ | ३९ | २३.४६ |
| ३ | बेलहिया .मा. वि | २५ | ७० | १४५ | ६ | ४ | १० | ६.९ |
| ४ | भानु मा. वि | ४३ | ४२ | ८५ | ११ | ४ | १५ | १७.६५ |
| ५ | महात्माबूद्ध मा. वि | ५१ | १०६ | १५७ | १० | १४ | २४ | १५.२९ |
| ६ | बृहस्पती उ.मा.वि. | १७ | ५० | ६७ | ५ | १२ | १७ | २५.१२ |
| ७ | बुद्धज्योति उ.मा.वि. | ३१ | ३८ | ६९ | ६ | ६ | १२ | १७.३९ |
| ८ | अमरज्योति इ. बो. स्कूल | ३९ | ४३ | ८२ | १३ | ३ | १६ | १९.५१ |
| ९ | साइ ग्लोवल उ.मा.वि. | ३६ | ५० | ५६ | १० | ४ | १४ | १६.२८ |
| १० | सनसाइन आवासीय उ.मा.वि. | १६२ | १६० | ३२२ | ४५ | २५ | ७० | २१.७४ |
| जम्मा | | ४७९ | ७१८ | ११९७ | १३० | १०२ | २३२ | १९.३८ |

स्रोतः स्थलगत अध्ययन (२०७३)

तालिका १ को विश्लेषण गर्दा भैरहवा नमुना उच्च माध्यमिक विद्यालयमा २३ जना छात्र र ४६ जना छात्रा गरी जम्मा ६९ जनाले परीक्षा दिइएकोमा ७ जना छात्र र ८ जना छात्रा गरी जम्मा १५ जना (२१.७८ प्रतिशत) उत्तीर्ण भएका थिए । सरकारद्वारा प्रत्यक्ष संरक्षित र लगानी पाएको यो सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि लगानीको अनुपातमा निकै कमजोर भएको देखिन्छ । विद्यालयको वातावरण उपयुक्त हुँदा हुँदै पनि कम विद्यार्थी सफल हुनुमा यसका आफ्नै समस्या रहेको कुरा प्रधानाध्यापक, विद्यालय व्वस्थापन समितीका अध्यक्ष, अभिभावक तथा शिक्षकहरु स्विकार्छन ।

विद्यार्थीहरु घरमा गई स्व अध्ययन नगर्ने, विद्यालयद्वारा दिइएको गृह कार्य समयमा नगर्नु तथा अभिभावकहरुले विद्यार्थीलाई शिक्षामा भन्दा घरायसी कामकाजमा लगाउने गरेको कुरा मुख्य जिम्मेवार रहेको पाइन्छ ।

त्यसै गरी नेपाल भारतको सिमानामा रहेको पक्लिहवा माध्यमिक विद्यालयमा ५२ जना छात्र र ११३ जना छात्रा गरी जम्मा १६५ जना विद्यार्थी २०७० सालको एस.एल.सि. परीक्षामा सम्मिलित भएकोमा १७ जना छात्र र २२ जना छात्रा गरी ३९ जना विद्यार्थी (२३.४६ प्रतिशत) उत्तीर्ण भएका थिए ।

लगानीको तुलनामा शैक्षिक उपलब्धि कम भयो नी भनी प्रश्न गर्दा अभिभावक, शिक्षक तथा प्रधानाध्यापकको फरक फरक उत्तर आयो । अभिभावकले शिक्षकले विद्यालयमा राम्रो नपढाएको भन्छन भने शिक्षक तथा प्र.अ. खुला सिमाको कारण नजिकै रहेको हाट बजारमा घुम्ने, समयमा विद्यालय नआउने, अभिभावकले सिमानामा हुने हाट बजारमा बजार लाग्दाको दिन सामान पुऱ्याउन लगाउने, पढाई भन्दा घरायसी काममा महत्व दिँदा विद्यालयको शैक्षिक उपलब्धि कमजोर रहेको कुरा स्विकार्छन ।

नेपाल भारतको नाका छेउमा रहेको बेलहिया माध्यमिक विद्यालयमा २५ जना छात्र र ७० छात्रा गरी १४५ जना विद्यार्थी २०७० सालको परीक्षामा सम्मिलित भएकोमा छात्र ६ जना र छात्रा ४ जना गरी जम्मा १० जना ६.९ प्रतिशत उत्तीर्ण भएका थिए । यस बाट के प्रस्ट देखियो भने सिमानामा हुने विद्यालयहरुमा अभिभावकले पढाइमा भन्दा धन उपार्जन गर्न सामानहरु ओसार पसारमा लगाउने गरेको देखियो ।

सिद्धार्थनगरको मध्य भागमा रहेको भानु माध्यमिक विद्यालयमा ४३ जना छात्र र ४२ जना छात्रा गरी ८५ जना परीक्षामा सम्मिलित भएकोमा ११ छात्र र ४ छात्रा गरी १५ जना १७.६५ प्रतिशत उत्तीर्ण भएका थिए । यो उत्तीण प्रतिशत पनि सन्तोष जनक देखिदैन ।

महात्मबूद्ध उच्च माध्यमिक विद्यालयमा ५१ जना छात्रा र १०६ जना छात्रा गरी १५७ जनाले परीक्षा दिएकोमा १० जना छात्र र १४ जना छात्रा गरी २४ जना १५.२९ प्रतिशत उत्तीर्ण भएका थिए ।

यसरी हेर्दा सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि लगानीको अनुपातमा कम भएको देखिन्छ । सामुदायिक विद्यालयहरुमा समुदायको बढी चासो, अभिभावकको जिम्मेवारी पूर्वक भूमिका निर्वाह, विद्यालय व्यवस्थापन समीतिद्धारा समय समयमा गर्ने अनुगमन तथा जिल्ला शिक्षा कार्यालयबाट पनि शिक्षकहरुलाई पुनर्ताजगी तालिम आदिको व्यवस्था गरी शैक्षिक उपलब्धि औषत भन्दा बृद्धि गर्न सकिने देखिन्छ ।

संस्थागत विद्यालयहरुको शैक्षिक उपलब्धि अध्ययन गर्दा भैरहवा स्रोत केन्द्र अर्न्गात रहेका ५ वटा नमुना संस्थागत विद्यालयहरुको उपलब्धि लाई यो शोधपत्रमा उल्लेख गरेको छु ।

बृहस्पती उच्च माध्यमिक विद्यालयमा १७ छात्र र ५० छात्रा गरी जम्मा ६७ जनाले परीक्षा दिएकोमा ५ छात्र र १२ छात्रा गरी १७ जना २५.३७ प्रतिशत उत्तिर्ण भएका थिए ।

यसरी छात्राहरुको उल्लेख्य उपस्थिती रहेको यस विद्यालयमा आशातित शैक्षिक उपलब्धि नदेखिएता पनि सामुदायिक विद्यालयको तुलनामा यो नतिजा ठिक ठिकै मान्न सकिन्छ ।

बुद्धज्योति उ.मा.वि., मा ३१ जना छात्र र ३८ जना छात्रा गरी जम्मा ६९ जना ले परिक्षा दिएकोमा छात्र ६ र छात्रा ६ गरी जम्मा १२ जना उत्तिर्ण भएका थिए । जुन १७.३९ प्रतिशत थियो । यो उत्तीर्ण प्रतिशत पनि आशालाग्दो देखिएन ।

अमरज्योति इ.बो. स्कूलमा ३९ छात्र र ४३ छात्रा गरी जम्मा ८२ जनाले परीक्षा दिएकोमा छात्र ३ र छात्रा ३ गरी जम्मा १६ जना १९.५१ प्रतिशत उत्तिर्ण भएका थिए ।

साई ग्लोबल उच्च माध्यमिक विद्यालय विरवासमा ३६ जना छात्र र ५० जना छात्रा गरी ८६ जनाले परीक्षा दिएकोमा १० जना छात्र र ४ जना छात्रा गरी १४ जना १६.२८ प्रतिशत उत्तीर्ण भएका थिए ।

सनसाइन आवासीय उच्च माध्यमिक विद्यालयमा १६२ जना छात्र र १६० जना छात्रा गरी ३२२ जना परीक्षामा सम्मिलित भएकोमा ४५ जना छात्र र २५ जना छात्रा गरी ७० जना उत्तीर्ण भएको पाइयो । जुन २१.७४प्रतिशत थियो । यसरी हेर्दा सामुदायिक र संस्थागत विद्यालयको २०७० सालको एस.एल.सी.नतिजा त्यति सन्तोषजनक पाइएन ।

परीक्षा परीणाम २०७० को समग्रमा विश्लेषण गर्दा १९.३८ प्रतिशत र छात्रातर्फ १४.२० प्रतिशत उत्तीर्ण भएको पाइयो । यसरी २०७० सालको नतिजा सन्तोषजनक पाइएन ।

छात्र तर्फ सबभन्दा बढी अमरज्योति इ.बो. स्कूलको ३३.३३ प्रतिशत र सबभन्दा कम बुद्धज्योति उच्च माध्यमिक विद्यालयको १९.६ प्रतिशत रहेको पाइयो । अन्तर १३.७३ प्रतिशत रहेको पाइयो । छात्रा तर्फ बृहस्पती उच्च माध्यमिक विद्यालयमा २४ प्रतिशत उर्त्तीण र सबैभन्दा कम बेलहिया माध्यमिक विद्यालयमा ५.७१ प्रतिशत पाइयो अन्तर १८.२९ प्रतिशत पाइयो ।

यसरी अभिभावकको प्रत्यक्ष लगानी रहेका संस्थागत विद्यालय र सरकारद्धारा लगानी भएका सामुदायिक दुवै खाले विद्यालयहरुको अवस्था हेर्दा तालिम प्राप्त शिक्षकको कमि, अनुगमन निकायहरुको फितालो अनुगमन, बेला वेला हुने बन्द हडताल, शिक्षकहरुको लापरवाही, राजनीतिकरण जस्ता कुराहरु नै शैक्षिक उपलब्धिका बाधाहरु भएको देखिन्छ । अतः उपरोक्त समस्याहरुलाई सुधार गरी समग्र शैक्षिक अवस्थालाई सुधार गर्नु पर्ने हुन्छ ।

**तालिका २: परीक्षा नतिजा (२०७१)**

| क्र. स. | विद्यालयको नाम | परीक्षामा सम्मिलित | | | उत्तीर्ण | | | उत्तिर्ण प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| १ | भैरहवा नमुना उ.मा. वि | ३५ | ७६ | १११ | १७ | ३८ | ५५ | ४९.५३ |
| २ | पक्लिहवा.मा. वि | ६७ | १०७ | १७४ | ३० | ४० | ७० | ४०.२३ |
| ३ | बेलहिया .मा. वि | ५७ | ११० | १६७ | ११ | ५ | १६ | ९.५८ |
| ४ | भानु मा. वि | २४ | ३३ | ५७ | १२ | १० | २२ | ३८.६६ |
| ५ | महात्माबूद्ध मा. वि | ६५ | ९५ | १६० | ७ | ९ | १६ | १० |
| ६ | बृहस्पती उ.मा.वि. | ३६ | ६९ | १०५ | १ | २ | ३ | २.८६ |
| ७ | बुद्धज्योति उ.मा.वि. | ८२ | १११ | १९३ | १३ | १० | २३ | ११.९२ |
| ८ | अमरज्योति इ. बो. स्कूल | ३४ | १४ | ४८ | १२ | ५ | १७ | ३५.४२ |
| ९ | साइ ग्लोवल उ.मा.वि. | ३८ | ५० | ८८ | ९ | ३ | १२ | १३.६४ |
| १० | सनसाइन आवासीय उ.मा.वि. | १६६ | १८३ | ३९९ | ४५ | २२ | ७७ | २२.०६ |
| जम्मा | | ६०४ | ८४८ | १४५२ | १५८ | १४२ | ३०० | २०.६६ |

स्रोतः स्थलगत अध्ययन (२०७३)

तालिका २ को विश्लेषण गर्दा २०७१ सालको शैक्षिक उपलब्धिलाई विश्लेषण गरी संस्थागत र सामुदायिक विद्यालयको शैक्षिक उपलब्धिलाई यहाँ उल्लेख गरिएको छ ।

भैरहवा नमुना उच्च माध्यमिक विद्यालयमा ३५ छात्र र ७६ छात्रा गरी जम्मा १११ जनाले परीक्षा दिएकोमा १७ छात्रा र ३८ छात्रा गरी ५५ जना ४९.५३ उत्तीर्ण भएको पाइयो । यसरी हेर्दा २०७० सालको एस.एल.सि. परीक्षाको उपलब्धिको तुलनामा २०७१ सालमा प्राप्त नतिजा केहि मात्रामा सन्तोषजनक मान्नु पर्ने हुन्छ ।

त्यसै गरी नमुनाको रुपमा छनोट गरिएको अर्को सामुदायिक विद्यालय पक्लिहवा उच्च माध्यमिक विद्यालयमा ६७ छात्र र १०७ छात्रा गरी १७४ जनाले परीक्षा दिएकोमा ३० छात्र र ४० छात्रा गरी जम्मा ७० जना ४०.२३ प्रतिशत उत्तीर्ण

भएको पाइयो । यो शैक्षिक उपलब्धि पनि विगतको भन्दा सन्तोषजनक मान्नु पर्ने हुन्छ ।

बेलहिया माध्यमिक विद्यालयमा ५७ छात्रा र ११० छात्रा गरी जम्मा १६७ जना परीक्षामा सम्मिलित भएकोमा छात्रा ११ र छात्रा ५ गरी जम्मा १६ जना ९.५८ उत्तीर्ण भएको पाइयो । यो उपलब्धि औषत भन्दा कम देखिन्छ ।

भानु माध्यमिक विद्यालयमा २४ छात्र र ३३ छात्रा गरी जम्मा ५७ जना परीक्षामा सम्मिलित भएकोमा छात्र १२ र छात्रा १० गरी जम्मा २२ जना ३८.६६ प्रतिशत उत्तीर्ण भएको पाइयो । यो विद्यालयको एस.एल.सि. नतिजालाई राम्रो मान्न नसकेता पनि विगतको भन्दा केहि प्रगति भएको मान्न सकिन्छ ।

महात्माबूद्ध उच्च माध्यमिक विद्यालयमा ६५ छात्र र ९५ छात्रा गरी १६० जना परीक्षामा सम्मिलित भएकोमा छात्र ७ र छात्रा ९ गरी जम्मा १६ जना १० प्रतिशत उत्तीर्ण भएको पाइयो ।

भैरहवा स्रोत केन्द्र अर्न्गत रहेका ५ वटा नमुना संस्थागत विद्यालयहरुको २०७१ सालको एस.एल.सि. परीक्षाको शैक्षिक उपलब्धि लाई यो शोधपत्रमा उल्लेख गरेको छु ।

बृहस्पती उच्च माध्यमिक विद्यालयमा ३६ छात्र र ६९ छात्रा गरी जम्मा १०५ जना परीक्षामा सम्मिलित भएकोमा छात्र १ र २ छात्रा गरी जम्मा ३ जना २.८६ प्रतिशत उत्तीर्ण भएको पाइयो । यो उपलब्धि सामुदायिक विद्यालयको भन्दा कमजोर देखिन्छ ।

बुद्धज्योति उच्च माध्यमिक विद्यालयमा ८२ छात्र र १११ छात्रा गरी जम्मा १९३ जना परीक्षामा सम्मिलित भएको १३ छात्र र १० छात्रा गरी जम्मा २३ जना ११.९२ प्रतिशत उत्तीर्ण भएका थिए ।

अमरज्योति इ.बो. स्कूलमा ३४ छात्र र १४ छात्रा गरी जम्मा ४८ जना परीक्षामा सम्मिलित भएकोमा १२ छात्र र छात्रा गरी जम्मा १७ जना ३५.४२ प्रतिशत उत्तीर्ण भएको पाइयो ।

साई ग्लोबल उच्च माध्यमिक विद्यालय विश्वासमा ३८ छात्र र ५० छात्रा गरी ८८ जना परीक्षामा सम्मिलित भएकोमा ९ छात्र र ३ छात्रा गरी जम्मा १२ जना १३.६४ प्रतिशत उत्तीर्ण भएको पाइयो ।

सनसाइन आवासीय उच्च माध्यमिक विद्यालयमा १६६ छात्र र १८३ छात्रा गरी ३४९ जना परीक्षामा सम्मिलित भएकोमा छात्र ४५ र छात्रा २२ गरी ७७ जना २२.०६ उत्तीर्ण भएको पाइयो सवै विद्यालयहरुको उत्तीर्ण प्रतिशत ५० भन्दा तल भएकोले यो नतिजालाई सन्तोषजक मान्न सकिएन ।

समग्रमा २६.६६ प्रतिशत उत्तीर्ण भएको तथ्याङ्कबाट देखियो । यो उत्तीर्ण प्रतिशत निकै न्यून छ । छात्रातर्फ पनि १६.७४ प्रतिशत उत्तिर्ण भएको तथ्याङ्कबाट देखियो । छात्रा उर्त्तीण नतिजालाई पनि सन्तोषजनक मान्न सकिँदैन ।

समग्रमा छात्र सबैभन्दा बढी उत्तीर्ण भानु माध्यमिक विद्यालयको ५० प्रतिशत र सबैभन्दा कम बृहस्पती उच्च माध्यमिक विद्यालयको १.७७ प्रतिशत रहेको पाइयो । दुबै उच्च मा.वि. को अन्तर ४८.२३ प्रतिशत रहेको पाइयो । छात्रातर्फ सबैभन्दा बढी भैरहवा नमुना उच्च माध्यमिक विद्यालयको ५० प्रतिशत रहेको पाइयो र सबैभन्दाकम बृहस्पती उच्च माध्यमिक विद्यालयको २.८९ प्रतिशत रहेको पाइयो । अन्तर ४७.११ प्रतिशत रहेको पाइयो ।

नेपाल सरकारद्धारा विभिन्न अध्ययन प्रतिवेदनहरुको राय, सुझावहरु तथा प्रचलित अर्न्राष्ट्रिय अभ्यासलाई आत्मसात् गर्दै राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्यांकन परिषदको २०७१ असार ३० गते बसेको बैठकबाट सैद्धान्तिक निर्णय गरी सो परिषदको २०७१ मंसिर २४ गते बसेको बैठकबाट माध्यमिक शिक्षा उर्त्तीण परीक्षामा अक्षराङ्कन पद्धति लागू गर्ने निर्णय भए अनुसार विद्यालयमा विद्यार्थी शैक्षिक उपलब्धिको मापन तथा मूल्यांकनका लागि अक्षराङ्कन पद्धतिबारे अवधारणागत एकरुपता, कायान्वयनमा सहजता र स्पष्टता प्रदान गर्न आवश्यक भएकाले शिक्षा नियमावली, २०५९ को नियम १९२ को (ङ) र (च) ले दिएको अधिकार प्रयोग गरी शिक्षा मन्त्रालयले यो कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याएको हो ।

यो पद्धतिले विद्यालयको शैक्षिक उपलब्धिलाई प्रथम, द्वितिय, तृतिय र फेल गरेर मापन तथा मूल्यांकन गर्ने व्यवस्थालाई विस्थापन गर्दै अक्षराङ्कन पद्धितिद्धारा विद्यार्थीहरुको शैक्षिक उपलब्धिलाई मापन गर्ने शुरुआत गरेको छ । यसरी शैक्षिक

उपलब्धिलाई मापन गर्दा शैक्षिक रुपमा कमजोर रहेका विद्यार्थीहरुले पुनः अर्को परीक्षामा सामेल भई आफ्नो शैक्षिक उपलब्धिलाई सुधार गर्न सक्ने मौका समेत प्रदान गरेको पाइन्छ । यसरी गरिएको पद्धतिमा शैक्षिक उपलब्धिलाई निम्नानुसार छुट्टाइएको छ । (राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङकन परिषद, २०७२)

| **SN** | **Grade** | **Equivalent score** | **Maximum GPA** |
|---|---|---|---|
| 1 | A+ | 90-100 | 4.0 |
| 2 | A | 80-89 | 3.6 |
| 3 | B+ | 70-79 | 3.2 |
| 4 | B | 60-69 | 2.8 |
| 5 | C+ | 50-59 | 2.4 |
| 6 | C | 40-49 | 2.0 |
| 7 | D+ | 30-39 | 1.6 |
| 8 | D | 20-29 | 1.2 |
| 9 | E | 0-19 | 0.8 |

नेपाल सरकार, शिक्षा मन्त्रालयको २०७१ साल मंसिर २४ गतेको निर्णयबाट सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयहरुको शैक्षिक उपलब्धिको मापन तथा मूल्यांकन २०७२ साल देखि अक्षरांक पद्धतिमा गर्ने भन्ने निर्णय गरे बमोजिम यस शोधपत्रमा सोहि बमोजिम गरिएको छ ।

**तालिका ३: परीक्षा नतिजा (२०७२)**

| क्र. स. | विद्यालयको नाम | परीक्षामा सम्मिलित | | | उत्तीर्ण | | | उत्तिर्ण प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| १ | भैरहवा नमुना उ.मा. वि | १७ | २३ | ४० | १२ | १५ | २७ | ६७.५ |
| २ | पक्लिहवा.मा. वि | ३३ | ४३ | ७६ | १९ | २३ | ४२ | ५५.२६ |
| ५ | बेलहिया .मा. वि | १६ | ३० | ४६ | ६ | १० | १६ | ३४.७१ |
| ४ | भानु मा. वि | २० | १४ | ३४ | १२ | ८ | २० | ५८.८२ |
| ५ | महात्माबूद्ध मा. वि | ५२ | ४९ | १०१ | २० | १७ | ३७ | ३६.६३ |
| ६ | बृहस्पती उ.मा.वि. | १५ | ९ | २४ | ७ | ५ | १२ | ५० |
| ७ | बुद्धज्योति उ.मा.वि. | ९ | ६ | १५ | ३ | २ | १२ | ३३.३३ |
| ८ | अमरज्योति इ. बो. स्कूल | २८ | २४ | ५२ | १२ | १० | २२ | ४२.३१ |
| ९ | साइ ग्लोवल उ.मा.वि. | ९ | १७ | २६ | ४ | १० | १४ | ५२.३३ |
| १० | सनसाइन आवासीय उ.मा.वि. | ९२ | ११२ | २०४ | ४३ | ६० | १०३ | ५०.४५ |
| जम्मा | | २९१ | ३२८ | ६१९ | १३६ | १६० | २९६ | ४७.८१ |

स्रोतः स्थलगत अध्ययन,२०७३

अक्षराङ्कन भन्नाले तोकिएको सक्षमतालको मूल्याङ्कनपश्चात विद्यार्थीले हासिल गर्ने सिकाइ स्तरलाई अक्षरमा गरिने प्रस्तुतिलाई सम्झनुपर्छ ।

तालिका ३ को विश्लेषण गर्दा भैरहवा नमुना उच्च माध्यमिक विद्यालयमा छात्र १७ जना र छात्रा २३ जना गरी जम्मा ४० जनाले परीक्षा दिएकोमा छात्र १२ र छात्रा १५ गरी जम्मा २७ जना ६७.५ प्रतिशत (बी अक्षरांक) उत्तीर्ण भएको पाइयो । जुन नतिजा सन्तोषजक छ । पक्लिहवा माध्यमिक विद्यालयमा छात्र ३३ र छात्रा ४३ गरी जम्मा ७६ जना परीक्षामा सम्मिलित भएकोमा १९ छात्र र २३ छात्र र २३ छात्रा गरी ४२ जना ५५.२६ प्रतिशत (सी प्लस अक्षरांक) उत्तीर्ण भएको पाइयो । यो नतिजा सन्तोषजनक पाइयो । बेलहिया माध्यमिक विद्यालयमा छात्र १६ र छात्रा ३० गरी ४६ जना परीक्षामा सम्मिलित भएकोमा छात्र ६ र छात्रा १० जना गरी १६ जना ३४.७१ प्रतिशत (डी प्लस अक्षरांक) उत्तीर्ण भएको पाइयो यो नतिजा सन्तोषजक छैन । भानु माध्यमिक विद्यालयमा २० छात्र र १४ जना छात्रा ३४ जना परीक्षामा सामेल भएकोमा छात्र १२ र छात्रा ८ गरी जम्मा २० जना ५८.८२ प्रतिशत (सी प्लस अक्षरांक) सन्तोषजनक नतिजा पाइयो । महात्माबूद्ध उच्च माध्यमिक विद्यालयमा ५२ छात्र र ४९ छात्रा गरी १०१ जनाले परीक्षा दिएकोमा २० छात्र र १७ छात्रा गरी ३७

जना ३६.६३ प्रतिशत (डी प्लस अक्षरांक) उत्तीर्ण भएको पाइयो जुन सन्तोषजक छैन । बृहस्पती उच्च माध्यमिक विद्यालयमा कम छात्र १५ र छात्रा ९ गरी जम्मा २४ जना परीक्षामा सम्मिलित भएकोमा छात्र ७ र छात्रा ५ गरी जम्मा १२ जना ५० प्रतिशत (सी प्लस अक्षरांक) उत्तीर्ण भएको पाइयो जुन नतिजा सन्तोषजनक छ ।

बुद्धज्योति उच्च माध्यमिक विद्यालयमा छात्र ९ र छात्रा ६ गरी जम्मा १५ जना परीक्षामा सम्मिलित भएकोमा छात्र ३ र छात्रा २ गरी जम्मा ५ जना ३३.३३ प्रतिशत (डी प्लस अक्षरांक) उत्तीर्ण भएको पाइयो । जुन नतिजा सन्तोषजनक पाइएन । अमरज्योति इ.बो. स्कूलमा छात्र २८ जना र छात्रा २४ जना गरी ५२ जना परीक्षामा सम्मिलित भएकोमा छात्र १२ र छात्रा १० गरी जम्मा २२ जना ४२.३१ प्रतिशत (सी अक्षरांक) उत्तीर्ण भएको पाइयो । जुन नतिजा सन्तोषजनक पाइएन । साई ग्लोबल उच्च माध्यमिक विद्यालयमा छात्र ९ र छात्रा १७ गरी २६ जना परीक्षामा सम्मिलित भएकोमा छात्र ४ र छात्रा १० गरी १४ जना ५२.३३ प्रतिशत ( सी प्लस अक्षरांक) उत्तीर्ण भएको पाइयो । जुन नतिजा सन्तोषजनक पाइयो । सनसाइन आवासीय उच्च माध्यमिक विद्यालयमा ९२ जना छात्र र ११२ जना छात्रा गरी जम्मा २०४ जना परीक्षामा सम्मिलित भएकोमा छात्र ४३ र छात्रा ६० गरी जम्मा १०३ जना ५०.४९ उत्तीर्ण (सी प्लस अक्षरांक) भएको पाइयो जुन नतिजा पहिलाको तुलनामा सन्तोषजनक देखिन्छ ।

समग्रमा एस.एल.सी २०७२ सालको परीक्षा परिणाम विश्लेषण गर्दा उत्तीर्ण प्रतिशत ४७.८१ (सी अक्षरांक) पाइयो । छात्रतर्फ पनि ४८.७८ प्रतिशत (सी अक्षरांक) पाइयो । विगतका वर्षहरुको तुलनामा यो नतिजा सन्तोषजनक छ ।

छात्र तर्फ सबैभन्दा बढी भैरहवा नमुना उच्च माध्यमिक विद्यालयमा ७०.५५ प्रतिशत र सबैभन्दा कम बुद्धज्योति उच्च माध्यमिकको ३३.३३ प्रतिशत रहेको पाइयो । अन्तर ३७.२५ प्रतिशत रहेको पाइयो । छात्रा तर्फ सबभन्दा बढी भैरहवा नमुना उच्च माध्यमिक विद्यालयको ६५.२१ प्रतिशत रहेको पाइयो । सबैभन्दा कम बेलहिया माध्यमिक विद्यालय र बुद्धज्योति उच्च माध्यमिक विद्यालयको ३३.३३ प्रतिशत रहेको पाइयो

एस.एल.सी.को २०७० सालको उत्तीर्ण प्रतिशत सबैभन्दा बढी भानु माध्यमिक विद्यालयको ४८.०८ प्रतिशत र सबैभन्दा कम बेलहिया माध्यमिक विद्यालयको

१०.९६ प्रतिशत रहेको पाइयो । अन्तर ३८.०२ प्रतिशत रहेको पाइयो । सबैभन्दा कम उत्तीर्ण बेलहिया माध्यमिक विद्यालयको १३.१४ प्रतिशत रहेको पाइयो । अन्तर ३०.३४ प्रतिशत रहेको पाइयो । कक्षा १२ कै २०७२ सालको सबैभन्दा बढी उत्तीर्ण प्रतिशत भैरहवा नमुना उच्च माध्यमिक विद्यालयको ६२.६८ प्रतिशत र सबैभन्दा कम साई ग्लोबल उच्च माध्यमिक विद्यालयको २५ प्रतिशत रहको पाइयो । अन्तर ३७.६२ प्रतिशत रहेको पाइयो ।

### ४.१.२ विषयगत परीक्षाको नतिजा

विद्यार्थीहरुको शैक्षिक उपलब्धिमाको मापन तथा मूल्यांकनको क्रममा २०७२ साल देखि अक्षरांकन पद्धितीद्धारा मूल्यांकन गरिएको छ । सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको शैक्षिक उपलब्धिलाई तुलना गर्न सामुदायिक विद्यालयमा नेपाली भाषामा अध्ययन हुने र संस्थागत विद्यालयमा अंग्रेजी भाषामा अध्ययन हुने हुनाले यी दुई विषयको विषयगत उपलब्धिलाई तुलना गरिएको छ ।

अक्षरांकन पद्धतिमा परीक्षार्थिले आफुलाई प्राप्त नतिजा चित्त नबुझेमा पुनः परीक्षा दोहोऱ्याउन पाउने व्यवस्था भएको र विद्यार्थी फेल हुने अवस्था न्यून रहेको देखिन्छ ।

### क. अंग्रेजी विषयको परीक्षा नतिजा

यहाँ केहि मूख्य विषयहरु मध्ये अंग्रेजी विषयको शैक्षिक उपलब्धिको नतिजालाई विश्लेषण गरी संस्थागत र सामुदायिक विद्यालयको शैक्षिक उपलब्धिको तुलना गर्ने प्रयास गरिएको छ ।

**तालिका ४ अंग्रेजी विषयको परीक्षा नतिजा**

| क.स. | विद्यालयका नाम | एस.एल.सी | | |
|---|---|---|---|---|
| | | २०७० | २०७१ | २०७२ |
| १ | भैरहवा नमुना उ.मा. वि. | ३३.३३ | ४२.७५ | ६६.५० |
| २ | पक्लिहवा.मा. वि | ३०.९ | ४६.५५ | ६३.३६ |
| ५ | बेलहिया .मा. वि | २५.०३ | २८.७७ | ५४.३४ |
| ४ | भानु मा. वि | २६.३५ | ४७.३६ | ६७.२९ |
| ५ | महात्माबूद्ध मा. वि | २७.८९ | २३.१२ | ४५.५४ |
| ६ | बृहस्पती उ.मा.वि. | ८२.३२ | ८९.५८ | ८६.१६ |
| ७ | बुद्धज्योति उ.मा.वि. | ६८.५३ | ७२.०६ | ८२.६९ |
| ८ | अमरज्योति इ. बो. स्कूल | ७२.८२ | ६८.४ | ७७.६९ |
| ९ | साइ ग्लोवल उ.मा.वि. | ८१.२५ | ७६.४५ | ८३.०६ |
| १० | सनसाइन आवासीय उ.मा.वि. | ८१.१५ | ८५.६४ | ८२.८४ |

स्रोत: स्थलगत अध्ययन (२०७३)

एस.एल.सी. को २०७० सालको अंग्रेजी विषयको उत्तीर्ण प्रतिशत सबैभन्दा धेरै बृहस्पती उच्च माध्यमिक विद्यालयको ८२.३२ प्रतिशत र सबैभन्दा कम उत्तीर्ण बेलहिया माध्यमिक विद्यालयको २५.०३ प्रतिशत रहेको पाइयो । यो तथ्यांकबाट सामुदायिक विद्यालयका विद्यार्थीको शैक्षिक उपलब्धि भन्दा संस्थागत विद्यालयतर्फका विद्यार्थीको शैक्षिक उपलब्धि तुलनात्मक रुपमा बढी देखिन्छ । संस्थागत विद्यालयहरुमा अंग्रेजी भाषामा पठन पाठन हुनु र यी विद्यालयहरुले अंग्रेजी भाषालाई प्राथमिकता दिंदा शैक्षिक उपलब्धि उत्तम भएको मान्न सकिन्छ ।

त्यसै गरी २०७१ सालको शैक्षिक उपलब्धिको तुलाना गर्दा अंग्रेजी विषयमै सबैभन्दा बढी विद्यार्थीको शैक्षिक उपलब्धि बृहस्पती उच्च माध्यमिक विद्यालयको ८९.५८ प्रतिशत र सबैभन्दा कम उत्तीर्ण माहात्मा बुद्ध मा.वि.को २३.१२ प्रतिशत रहेको पाइयो । अंग्रेजी विषयकै विषयगत नतिजाको तुलना गर्दा २०७२ सालमा सबैभन्दा बढी बृहस्पती उच्च माध्यमिक विद्यालयका विद्यार्थीको ८६.१६ रहेको पाइयो । त्यसै गरी सवै भन्दा कम उत्तीर्ण प्रतिशत माहात्मा बुद्ध माध्यमिक विद्यालयको ४५.५४ प्रतिशत रहेको पाइयो ।

## ख. नेपाली विषयको परीक्षा नतिजा

विद्यार्थीहरुको शैक्षिक उपलब्धिमाको मापन तथा मूल्यांकनको क्रममा २०७२ साल देखि अक्षरांकन पद्धितीद्धारा मूल्यांकन गरिएको छ । सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको शैक्षिक उपलब्धिलाई तुलना गर्न सामुदायिक विद्यालयमा नेपाली भाषामा अध्ययन हुने हुनाले यहाँ नेपाली विषयको विषयगत उपलब्धिलाई तुलना गरिएको छ ।

**तालिका ५ नेपाली विषयको परीक्षा नतिजा**

| क.स. | विद्यालयका नाम | एस.एल.सी. | | |
|---|---|---|---|---|
| | | २०७० | २०७१ | २०७२ |
| १ | भैरहवा नमुना  उ.मा. वि. | ७९.७१ | ९७.२९ | १०० |
| २ | पक्लिहवा.मा. वि | ९२.७२ | ९७.७ | ९८.६८ |
| ५ | बेलहिया .मा. वि | ९१.०३ | ९५.८ | ९५.६५ |
| ४ | भानु मा. वि | १०० | ९२.९८ | १०० |
| ५ | महात्माबूद्ध मा. वि | ५८.७२ | ८९.३७ | ८३.३३ |
| ६ | बृहस्पती उ.मा.वि. | १०० | ९७.१४ | ८३.३३ |
| ७ | बुद्धज्योति उ.मा.वि. | १०० | ९२.९६ | ८६.१५ |
| ८ | अमरज्योति इ. बो. स्कूल | ९७.५६ | १०० | ९६.१५ |
| ९ | साइ ग्लोवल उ.मा.वि. | ९७.६७ | १०० | ८८.४६ |
| १० | सनसाइन आवासीय उ.मा.वि. | ९७.८२ | ९७.९९ | ५८.०३ |

स्रोत: स्थलगत अध्ययन २०७३

एस.एल.सी. २०७० सालको नेपाली विषयको उत्तीर्ण प्रतिशत सबैभन्दा धेरै भानु माध्यमिक विद्याल, बृहस्पती उच्च माध्यमिक विद्यालय, बुद्धज्योति उच्च माध्यमिक विद्यालयमा शतप्रतिशत उत्तीर्ण भएको र  सबैभन्दा कम उत्तीर्ण महात्माबुद्ध माध्यमिक विद्यालयको ५८.७२ प्रतिशत रहेको पाइयो । २०७१ सालको नतिजा विवरण सबैभन्दा बढी उत्तीर्ण अमरज्योति इ.बो. स्कूल र साई ग्लोबल उच्च माध्यमिक विद्यालयको शतप्रतिशत र सबैभन्दा कम उत्तीर्ण महात्माबूद्ध उच्च माध्यमिक विद्यालयको ८९.३७ प्रतिशत रहेको पाइयो । उत्तीर्ण अन्तर १०.६३ प्रतिशत

रहेको पाइयो । २०७२ सालमा सबैभन्दा बढी उत्तीर्ण प्रतिशत भैरहवा नमुना उच्च माध्यमिक विद्यालय सनसाइन आवासीय विद्यालय शतप्रतिशत र सबभन्दा कम साई ग्लोबल उच्च माध्यमिक विद्यालयको ५८.०३ प्रतिशत रहेको पाइयो ।

यसरी माथिको तालिका अनुसार सामुदायिक विद्यालयहरुमा नेपाली भाषामा अध्ययन हुने हुनाले पनि सामुदायिक विद्यालयहरुको नेपाली विषयको उपलब्धि अंग्रेजी विषयको तुलनामा राम्रो देखिन्छ । तर संस्थागत विद्यालयको पनि विषयगत उपलब्धिलाई पनि सन्तोषजनक नै मान्नु पर्छ ।

**४.२ माध्यमिक विद्यालयको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्व**

माध्यमिक तहमा शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वहरु तलको तालिका ६ मा प्रस्तुत गरी व्याख्या र विश्लेषण गरिएको छ ।

**तालिका ६ माध्यमिक विद्यालयको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वहरु**

| | वि. व्य. स. अध्यक्ष १० | प्राचार्य १० | श.अ.स. २० | शिक्षक २० | विद्यार्थी २० |
|---|---|---|---|---|---|
| शैक्षिक तत्व | ४ (४०) | ३ (३०) | ६ (३०) | ३ (१५) | ८ (४०) |
| भौतिक तत्व | २ (२०) | २ (२०) | ५ (२५) | ४ (२०) | ४ (२०) |
| आर्थिक तत्व | १ (१० | २ (२०) | ३ (१५) | ५ (२५) | २ (१०) |
| सामाजिक तत्व | २ (२०) | १ (१० | २ (१०) | ५ (२५) | १ (५) |
| मनोवैज्ञानिक तत्व | १ (१० | २ (२०) | ४ (२०) | ३ (१५) | ५ (२५) |

नोट : कोष्ठको अङ्कले प्रतिशत जनाउँछ ।            स्रोतः स्थलगत अध्ययन २०७३

माध्यमिक तहमा शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वहरुमा शैक्षिक तत्व, भौतिक तत्व, आर्थिक तत्व, सामाजिक तत्व र मनोवैज्ञानिक तत्वहरुको अध्ययन गरिएको छः

### ४.२.१ शैक्षिक तत्व

शिक्षा विकासको मेरुदण्ड हो । शिक्षा विना व्यक्ति, समाज तथा राष्ट्रको परिकल्पना गर्न सकिँदैन । शिक्षाले मानिसलाई अँध्यारोबाट उज्यालोतिर लैजान सहयोग गर्दछ । तालिका ६ अनुसार माध्यमिक तहमा शैक्षिक उपलब्धिमा शैक्षिक तत्वले प्रभाव पार्छ भन्नेमा विद्यालय व्यवस्थापन समिति र विद्यार्थी ४० प्रतिशत, प्राचार्य र शिक्षक अभिभावक संघ ३० प्रतिशत र शिक्षक १५ प्रतिशतले आफ्नो सहमति जनाएका थिए । शैक्षिक तत्व अन्तर्गत निम्न कुराहरु पर्दछन् ।

**शिक्षित र अशिक्षित अभिभावकले विद्यार्थी प्रति गर्ने फरक व्यवहारः**

जुन अभिभावक शिक्षित हुनुहुन्छ वहाँले नानीहरुको मनोविज्ञान बुझी सकारात्मक व्यवहार गर्नुहुन्छ । यस शिर्षकमा प्रश्न गर्दा विद्यालय व्यवस्थापन समिति अध्यक्ष, शिक्षक अभिभावक संघ ३० प्रतिशत, प्राचार्य २० प्रतिशत, शिक्षक २५ प्रतिशत र विद्यार्थी ३५ प्रतिशतले आफ्नो सहमति जनाएका थिए ।

**पढाइ स्तरमा कमी**

पचास प्रतिशत विद्यार्थीहरुको कक्षा अनुसारको पढाइ स्तर हुँदैन । विद्यार्थीको पढाइ स्तरमा कमी छ नी भनी प्रश्न राख्दा विद्यालय व्यवस्थापन समिति अध्यक्ष र विद्यार्थी ५० प्रतिशत, प्राचार्य र शिक्षक अभिभावक संघ ६० प्रतिशत, शिक्षक ७० प्रतिशतले सहमति जनाएका थिए ।

### ४.२.२ भौतिक तत्व

माध्यमिक विद्यालयको शैक्षिक विकासका लागि पहिलो पूर्वाधार नै भौतिक सुविधा हो । भौतिक तत्वभित्र विद्यालयको भवन, कक्षाकोठा, पुस्तकालय, खेलमैदान, खानेपानी, शौचालय, डेस्कबेञ्च, शिक्षण सामग्री, कम्पाउण्ड आदि पर्दछन् । तालिका ११ अनुसार भौतिक तत्वले प्रभाव पार्छ भन्नेमा विद्यालय व्यवस्थापन समिति अध्यक्ष, प्राचार्य, शिक्षक र विद्यार्थी २० प्रतिशत, शिक्षक अभिभावक संघ २५ प्रतिशतले आफ्नो सहमति जनाएका थिए ।

**विद्यालय भवन**

विद्यालय भवन पक्की, आकर्षक र टिकाउ हुनुपर्दछ । विद्यालय भवनले विद्यार्थीको शैक्षिक उपलब्धिमा असर पार्छ भन्नेमा विद्यालय व्यवस्थापन समिति

अध्यक्ष र विद्यार्थी ६० प्रतिशत, प्राचार्य ७० प्रतिशत, शिक्षक अभिभावक संघ ७५ प्रतिशत, शिक्षक ५५ प्रतिशतले आफ्नो सहमति जनाएका थिए ।

**पुस्तकालय**

विद्यार्थीहरुलाई स्वअध्ययन सामग्री पूरा गर्नका लागि प्रत्येक विद्यालयमा एउटा पुस्तकालयको आवश्यक पर्दछ । पुस्तकालय पनि विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वमा विद्यालय व्यवस्थापन समिति अध्यक्ष ५० प्रतिशत, प्राचार्य ८० प्रतिशत, शिक्षक अभिभावक संघ ५५ प्रतिशत, शिक्षक ८० प्रतिशत र विद्यार्थी ७५ प्रतिशतले आफ्नो सहमति जनाएका थिए ।

### ४.२.३ आर्थिक तत्व

शिक्षामा आर्थिक तत्वको महत्वपूर्ण भूमिका हुन्छ । शिक्षामा उपयुक्त लगानी गर्न सकेमा उत्कृष्ट एवम् गुणात्मक शिक्षा हाँसिल गर्न सकिन्छ । हाम्रो देशमा २४ प्रतिशत मानिसहरु गरिवीको रेखामुनी रहेका छन् । यहाँका कतिपय अभिभावकहरुले विद्यालयको शुल्क तिर्न, शैक्षिक सामग्री पुरा गर्न सकेका छैनन् । शिक्षकको तलव भत्तामा नै खर्च हुने हुँदा आर्थिक अभावको कारणले गुणस्तरिय शिक्षा सार्वजनिक विद्यालयले दिन सकेको छैन ।

तालिका ६ अनुसार आर्थिक तत्वले विद्यार्थीको उपलब्धिमा प्रभाव पार्छ भन्नेमा विद्यालय व्यवस्थापन समिति अध्यक्ष, विद्यार्थी १० प्रतिशत, प्राचार्य २० प्रतिशत शिक्षक अभिभावक संघ, १५ प्रतिशत र शिक्षक २५ प्रतिशतले आफ्नो सहमति जनाएका थिए ।

**सरकारले विद्यालयलाई दिने अनुदान**

सरकारले विद्यालयमा दिने अनुदानले विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभावा पार्छ भन्नेमा विद्यालय व्यवस्थापन समिति अध्यक्ष ३० प्रतिशत, प्राचार्य र शिक्षक ६० प्रतिशत, शिक्षक अभिभावक संघ ७५ प्रतिशत र विद्यार्थी ५० प्रतिशतले आफ्नो सहमति जनाएका थिए ।

**विद्यालयको स्रोत**

विद्यालयको स्रोत नै विद्यार्थीको शैक्षिक उपलब्धिको मेरुदण्ड हो । विद्यालयको स्रोतले विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभाव पार्छ भन्नेमा विद्यालय व्यवस्थापन

समिति अध्यक्ष, शिक्षक अभिभावक संघ ६० प्रतिशत, प्राचार्य ५० प्रतिशत र विद्यार्थी ६५ प्रतिशतले आफ्नो सहमति जनाएका थिए ।

### ४.२.४ सामाजिक तत्व

हाम्रो शिक्षाप्रति परम्परागत सोंच छ । जस्तैः जागिर खान शिक्षा लिनु, छोरीले विवाह गर्न शिक्षा लिनु, परिवारले शिक्षालाई सकारात्मक रुपमा नलिनु आदि । सामाजिक तत्वले विद्यार्थीको शैक्षिक तत्वमा प्रभाव पार्छ भन्नेमा विद्यालय व्यवस्थापन समिति अध्यक्ष २० प्रतिशत, प्राचार्य, शिक्षक अभिभावक संघ १० प्रतिशत, शिक्षक २५ प्रतिशत र विद्यार्थी ५ प्रतिशतले आफ्नो सहमति जनाएका थिए । सामाजिक तत्व अन्तर्गत निम्न कुराहरु पर्दछन् ।

**शिक्षामा सामाजिकरण नहुनु**

शिक्षालाई समाजले सहर्ष स्वीकार गरेको हुनुपर्दछ । हरेक जातजाति, भाषाभाषि, जनजाति आदिले शिक्षा हाँसिल गरेको हुनुपर्दछ । शिक्षामा सामाजिकरण नहुनाले विद्यार्थीको शैक्षिक स्तरमा प्रभाव पार्छ भन्नेमा विद्यालय व्यवस्थापन समिति अध्यक्ष ४० प्रतिशत, प्राचार्य र शिक्षक ६० प्रतिशत, शिक्षक अभिभावक संघ ५५ प्रतिशत र विद्यार्थी ७० प्रतिशतले आफ्नो सहमति जनाएका थिए ।

**समाजको शिक्षाप्रति सकारात्मक धारणा नहुनु**

शिक्षा पाउनु नागरिकको नैसर्गिक अधिकार हो । समाजको शिक्षाप्रति सकारात्मक धारणा हुनुपर्दछ । शिक्षाप्रति समाजको सकारात्मक धारणा छैन भन्नेमा विद्यालय व्यवस्थापन समिति अध्यक्ष ५० प्रतिशत, प्राचार्य र विद्यार्थी ७० प्रतिशत शिक्षक अभिभावक संघ ६० प्रतिशत र शिक्षक ४५ प्रतिशतले आफ्नो सहमति जनाएका थिए ।

### ४.२.५ मनोवैज्ञानिक तत्व

विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने विभिन्न तत्वमध्ये मनोवैज्ञानिक तत्व पनि एक हो । मानिसको आफ्ना नानीहरुप्रति सकारात्मक धारणा आएको हुनुपर्दछ । विद्यार्थीको शैक्षिक उपलब्धिलाई मनोवैज्ञानिक तत्वले प्रभाव पार्छ भन्नेमा विद्यालय व्यवस्थापन समिति अध्यक्ष १० प्रतिशत, प्राचार्य र शिक्षक अभिभावक संघ

२० प्रतिशत, शिक्षक १५ प्रतिशत र विद्यार्थी २५ प्रतिशतले आफ्नो सहमति जनाएका थिए । मनोवैज्ञानिक तत्व अन्तरगत निम्न कुराहरु पर्दछन् ।

**वेरोजगारी सृजना गर्ने शिक्षा**

हाम्रो देशमा शैक्षिक वेरोजगार धेरै छन् । शिक्षाले मानिसलाई गरिखाने गराउनु पर्दछ । पढेर काम नपाउँदा विद्यार्थीमा हिनतावोध बढेको छ । वेरोजगारी सृजना गर्ने शिक्षाले मनोवैज्ञानिक प्रभाव पारेको छ भन्नेमा विद्यालय व्यवस्थापन समिति अध्यक्ष ६० प्रतिशत, प्राचार्य ५० प्रतिशत, शिक्षक अभिभावक संघ ५५ प्रतिशत, शिक्षक ७५ प्रतिशत र विद्यार्थी ६५ प्रतिशतले आफ्नो सहमति जनाएका थिए ।

**अभिभावकको व्यवहार**

अभिभावकहरुले आफ्ना नानीहरुप्रति सकारात्मक र नकारात्मक व्यवहारले प्रत्यक्ष रुपमा मनोवैज्ञानिक प्रभाव पारेको हुन्छ । जस्तैः “तैले पढेर केही गर्न सक्दैनस्”। “तेरो पढ्ने क्षमता कम छ”। “तेरो मलाई थोरै पनि आशा छैन”। आदि अभिभावकको व्यवहारले विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभाव पार्छ भन्नेमा विद्यालय व्यवस्थापन समिति अध्यक्ष ७० प्रतिशत, प्राचार्य ६० प्रतिशत, शिक्षक अभिभावक संघ ५० प्रतिशत, शिक्षक ६५ प्रतिशत र विद्यार्थी ७५ प्रतिशतले आफ्नो सहमति जनाएका थिए ।

माध्यमिक तहको शैक्षिक उपलब्धिमा व्याख्या र विश्लेषण गर्दा सबैभन्दा बढि शैक्षिक तत्वले प्रभाव पारेको छ । जुन ४० प्रतिशत छ ।

## ४.३ शैक्षिक उपलब्धिमा देखिएका कमजोरी

माध्यमिक तहमा शैक्षिक उपलब्धि देखापरेका कमजोरीहरुको पहिचान गरी यसका समाधानका उपायहरु अपनाउनु यसको मुख्य उद्देश्य रहेको छ । शैक्षिक उपलब्धिमा देखापरेका कमजोरीहरुलाई तलको तालिकामा समावेश गरी व्याख्या र विश्लेषण गरिएको छ ।

**तालिका ७ शैक्षिक उपलब्धिमा देखिएका कमजोरी**

| क.स. | कारणहरु | विद्यालय व्यवस्थापन समिति अध्यक्ष १० | प्राचार्य १० | शिक्षक भभावक संघ २० | शिक्षक २० | विद्यार्थी २० |
|---|---|---|---|---|---|---|
| १ | विद्यार्थीमा पढ्ने भावनाको कमी हुनु | ३ (३०) | ३ ३०) | ५(२५) | ५ २५) | ३ (१५) |
| २ | शिक्षिण विधि उपयुक्त नहुनु | २ (२०) | २ २०) | ३(१५) | ४(२०) | ५ (२५) |
| ३ | अशिक्षित अभिभावक हुनु | १ (१०) | २ (२०) | ४(२०) | ५ (२५) | ३ (१५) |
| ४ | अयोग्य शिक्षक हुनु | २ (२०) | १(१०) | ५(२५) | ३(१५) | ६ (३०) |
| ५ | शैक्षिक सामग्रीको अभाव हुनु | २ (२०) | २(२०) | ३(१५) | ३(१५) | ३ (१५) |

नोट : कोष्ठको अङ्कले प्रतिशत जनाउँछ ।     स्रोतः स्थलगत अध्ययन (२०७३)

### ४.३.१ विद्यार्थीमा पढ्ने भावनाको कमी हुनु

विद्यालय व्यवस्थापन समिति अध्यक्ष, प्राचार्य ३० प्रतिशत, शिक्षक अभिभावक संघ र शिक्षक २५ प्रतिशत, र विद्यार्थी १५ प्रतिशतले पढ्ने भावनामा कमी हुन्छ भन्नेमा सहमति जनाएका थिए । विद्यार्थीको पढाइको भावनामा कमी निम्न तरिकाले हुन्छ ।

**पढेर जागिर खाने सोंचाइ**

पढ्नु भनेको जागिर खानुको अलवा विद्वान वन्नु हो तर विद्यार्थीमा जागिर खानको लागि पढ्ने भावनाको सोंचाइको विकासमा विद्यालय व्यवस्थापन समिति

अध्यक्ष, शिक्षक ६० प्रतिशत, प्राचार्य र शिक्षक अभिभावक संघ ५० प्रतिशत र विद्यार्थी ७५ प्रतिशतले आफ्नो सहमति जनाएका थिए ।

**पढाइमा आत्मविश्वासको कमी**

आत्मविश्वासले मानिसलाई सफल बनाउँछ । तर विद्यार्थीमा आत्मविश्वासको कमी भएकोमा विद्यालय व्यवस्थापन समिति अध्यक्ष ५० प्रतिशत, प्राचार्य र विद्यार्थी ४० प्रतिशत, शिक्षक अभिभावक संघ र शिक्षक ४५ प्रतिशतले सहमति जनाएका थिए ।

**४.३.२ शिक्षण विधि उपयुक्त नहुनु**

माथिको तालिका अनुसार विद्यालय व्यवस्थापन समिति अध्यक्ष, प्राचार्य र शिक्षक २० प्रतिशत, शिक्षक अभिभावक संघ १५ प्रतिशत र विद्यार्थी २५ प्रतिशतले सहमति व्यक्त गरेका छन् । शिक्षण विधिले पनि विद्यार्थीहरु असफल हुनमा प्रभाव पार्दछ ।

**शिक्षक केन्द्रित विधि हुनु**

शिक्षणका विभिन्न विधिहरुमध्ये शिक्षक केन्द्रित विधि एक प्रचलित विधि हो । तर पनि यस विधिले विद्यार्थी असफल हुनुमा विद्यालय व्यवस्थापन समिति अध्यक्ष, विद्यार्थी ९० प्रतिशत, प्राचार्य ७० प्रतिशत, शिक्षक अभिभावक संघ ६० प्रतिशत र शिक्षक ५५ प्रतिशतले आफ्नो सहमति जनाएका थिए ।

**सैद्धान्तिक ज्ञान**

उच्च माध्यमिक तहमा खाली किताबी सैद्धान्तिक ज्ञान मात्र दिइन्छ भन्नेमा विद्यालय व्यवस्थापन समिति अध्यक्ष र विद्यार्थी ८० प्रतिशत, प्राचार्य ६० प्रतिशत, शिक्षक अभिभावक संघ ६५ प्रतिशत र शिक्षक ४० प्रतिशतले आफ्नो सहमति जनाएका थिए ।

**४.३.३ अशिक्षित अभिभावक हुनु**

शिक्षित अभिभावकले आफ्ना बाबुहरुको पढाइप्रतिको मर्म बुझ्ने गर्छन् र अशिक्षित अभिभावकका छोराछोरी पढ्नमा समय नपाउने भन्नेमा विद्यालय व्यवस्थापन समिति अध्यक्ष १० प्रतिशत, प्राचार्य र शिक्षक अभिभावक संघ २०

प्रतिशत, शिक्षक २५ प्रतिशत र विद्यार्थी १५ प्रतिशतले आफ्नो सहमति जनाएका थिए । यसलाई बुँदागत रुपमा निम्नानुसार व्याख्या र विश्लेषण गरिएको छ :

**छोराछोरीको पढाइमा निगरानी नराख्ने**

यस शीर्षकमा प्रश्न सोध्दा विद्यालय व्यवस्थापन समिति अध्यक्ष ७० प्रतिशत, प्राचार्य र शिक्षक अभिभावक संघ ६० प्रतिशत शिक्षक ८० प्रतिशत र विद्यार्थी १५ प्रतिशतले आफ्नो सहमति जनाएका थिए ।

**घरायासी कार्यबोझ दिनु**

घरायासी कार्यबोझ अभिभावकबाट दिइन्छ नि भनी प्रश्न राख्दा विद्यालय व्यवस्थापन समिति अध्यक्ष ५० प्रतिशत, प्राचार्य ७० प्रतिशत, शिक्षक अभिभावक संघ ६५ प्रतिशत, शिक्षक ८० प्रतिशत र विद्यार्थी ५५ प्रतिशतले आफ्नो सहमति जनाएका थिए ।

**४.३.४ अयोग्य शिक्षक हुनु**

माथिको तालिका अनुसार विद्यालय व्यवस्थापन समिति अध्यक्ष २० प्रतिशत, प्राचार्य १० प्रतिशत, शिक्षक अभिभावक संघ २५ प्रतिशत, शिक्षक १५ प्रतिशत र विद्यार्थी ३० प्रतिशतले सहमति जनाएका थिए । अयोग्य शिक्षक पनि विद्यार्थी असफलको कारण हो भन्ने कुरा यसरी व्याख्या गरिएको छ ।

**योग्यता नपुगेका शिक्षक**

योग्यता नपुगेका शिक्षक विद्यार्थी असफलताका कारण हुन् त भनी प्रश्न सोध्दा विद्यालय व्यवस्थापन समिति अध्यक्ष २० प्रतिशत, प्राचार्य र विद्यार्थी ३० प्रतिशत, शिक्षक अभिभावक संघ ४० प्रतिशत र शिक्षक १५ प्रतिशतले आफ्नो सहमति जनाएका थिए ।

**शिक्षण क्षमताको कमी**

शिक्षकमा शिक्षण क्षमताको कमीले विद्यार्थीहरु असफल हुन्छन् भन्ने प्रश्नमा विद्यालय व्यवस्थापन समिति अध्यक्ष, शिक्षक अभिभावक संघ ३० प्रतिशत, प्राचार्य ४० प्रतिशत, शिक्षक २५ प्रतिशत र विद्यार्थी ६० प्रतिशतले आफ्नो सहमति जनाएका थिए ।

### ४.३.५ शैक्षिक सामग्रीको अभाव हुनु

माथिको तालिका अनुसार विद्यालय व्यवस्थापन समिति अध्यक्ष र प्राचार्य २० प्रतिशत, शिक्षक अभिभावक संघ, शिक्षक र विद्यार्थी १५ प्रतिशतले आफ्नो सहमति जनाएका थिए । शैक्षिक सामग्रीको अभावबाट विद्यार्थी असफल हुनुका कारण यसप्रकार छन्:

**शिक्षकले शैक्षिक सामग्री प्रयोग गर्न नजान्नु**

यस अन्तर्गतको प्रश्नावलीमा विद्यालय व्यवस्थापन समिति ३० प्रतिशत, प्राचार्य ५० प्रतिशत, शिक्षक अभिभावक संघ, विद्यार्थी ६० प्रतिशत र शिक्षक १० प्रतिशतले आफ्नो सहमति जनाएका थिए ।

**विद्यार्थीले शैक्षिक सामग्री नकिन्नु**

यस प्रश्नावलीमा विद्यालय व्यवस्थापन समिति अध्यक्ष २० प्रतिशत, प्राचार्य ३० प्रतिशत, शिक्षक अभिभावक संघ १५ प्रतिशत, शिक्षक ६० प्रतिशत र विद्यार्थी ४५ प्रतिशतले आफ्नो सहमति जनाएका थिए ।

यसरी शैक्षिक उपलब्धिमा देखिएका कमजोरीहरुमा व्याख्या र विश्लेषण गर्दा विद्यार्थीमा पढ्ने भावनाको विकास नहुनु र विद्यार्थी पढेर जागीरको ग्यारेन्टी नहुनु रहेको छ । यसको लागि शिक्षकले शिक्षणको तरिका सरल बनाउनु शिक्षक र सरेकारवालासंग सुमधुर सम्बन्ध कायम गर्नु, शिक्षक र शैक्षिक सरोकारवालासंग सकारात्मक सोचको विचार गर्नुपर्दछ ।

## ४.४ माध्यमिक विद्यालयको शैक्षिक उपलब्धि वृद्धि गर्ने उपाय

शैक्षिक उपलब्धिको मूल्यांकन तथा मापन गर्दा विद्यालयको शैक्षिक उपलब्धिलाई कसरी बृद्धि गर्न सकिन्छ भन्ने कुराको अध्ययन गर्नु आवश्यक पर्छ । तयर्थ यहाँ सामुदायिक तथा संस्थागत विद्यालयको शैक्षिक उपलब्धिको तुलना गर्दा देखिएको कमजोरीलाई मात्र नभई समग्र विद्यालयको शैक्षिक उपलब्धि बृद्धि गर्न आवश्यक पर्ने तत्वहरुको बारेमा अध्ययनको क्रममा पाइएका, सुझाइएका उपायहरुलाई उल्लेख गरिएको छ ।

**तालिका ८ माध्यमिक विद्यालयको शैक्षिक उपलब्धि वृद्धि गर्ने उपाय**

| विवरण | वि.व्य.स. अध्यक्ष १० | प्राचार्य १० | शिक्षक अभिभावक संघ २० | शिक्षक २० | विद्यार्थी २० |
|---|---|---|---|---|---|
| भौतिक सुविधाको व्यवस्था गर्ने | २ (२०) | १ १०) | ३ (१५) | ४ २०) | ५ (२५) |
| विद्यार्थीलाई पढ्न समय दिने | १ (१०) | २ २०) | ४ २०) | २ १०) | २ (१०) |
| अभिभावकलाई चेतना दिने | २ (२०) | २ २०) | २ १०) | ३ (१५) | १ (५) |
| शैक्षिक सामग्रीको प्रयोग गर्ने | २ (२०) | २ ०) | ३ (१५) | ३ (१५) | ३ (१५) |
| निरन्तर मूल्याङ्कन गर्ने | १ (१०) | १ १०) | ४ २०) | ५ २५) | ५ (२५) |
| तालिम प्राप्त शिक्षकको व्यवस्था गर्ने | २ (२०) | २ २०) | ४(२०) | ३ (१५) | ४ २०) |

नोटः कोष्ठको अंकले प्रतिशत जनाउँछ स्रोतः स्थलगत अध्ययन, (२०७३)

माध्यमिक विद्यालयको शैक्षिक उपलब्धि बृद्धि गर्ने मुख्य उपाय तालिका ८ र यस अन्तर्गत पर्ने उपायलाई अनुसूची प्रस्तुत गरी व्याख्या र विश्लेषण गरिएको छ ।

### ४.४.१ भौतिक सुविधाको व्यवस्था गर्ने

माध्यमिक विद्यालयको शैक्षिक उपलब्धि वृद्धि गर्ने उपायमा भौतिक सुविधाको व्यवस्था गर्ने पनि एक हो । भौतिक सुविधा अन्तर्गत उपयुक्त भवन, कक्षाकोठा, फर्निचर, पिउने पानी, खेल मैदान, आदि पर्दछन् । भौतिक सुविधाले विद्यार्थीको शैक्षिक उपलब्धिमा वृद्धि गर्दछ भन्ने विद्यालय व्यवस्थापन समिति अध्यक्ष र शिक्षक २० प्रतिशत, प्राचार्य १० प्रतिशत, शिक्षक अभिभावक संघ १० प्रतिशत र विद्यार्थी २५ प्रतिशतले आफ्नो सहमति जनाएका थिए । भौतिक सुविधा अन्तर्गत निम्न सामग्रीहरु पर्दछन् ।

**बसाइ व्यवस्था**

विद्यार्थीहरुको वसाइ व्यवस्थापनले पढाइमा प्रत्यक्ष असर पारेको हुन्छ । जस्तैः शिक्षकको आवाज नसुन्नु, कालोपाटी नदेखिनु, बस्न असजिलो हुनु आदि । बसाइ व्यवस्थाले मा.वि.को शैक्षिक उपलब्धिमा वृद्धि गर्छ भन्नेमा विद्यालय व्यवस्थापन समिति अध्यक्ष र शिक्षक ८० प्रतिशत, प्राचार्य ७० प्रतिशत, शिक्षक अभिभावक संघ ८५ प्रतिशत र विद्यार्थी ७५ प्रतिशतले आफ्नो सहमति जनाएका थिए ।

**उपयुक्त शैक्षिक सामग्री**

विद्यार्थीको शैक्षिक उपलब्धि वृद्धि गर्नका लागि उपयुक्त सामग्रीहरु जस्तैः औजार वक्स, सन्दर्भ पुस्तकहरु आदिको आवश्यकता पर्दछ । उपयुक्त सामग्रीले उ.मा.वि.को शैक्षिक उपलब्धिमा वृद्धि गर्छ भन्नेमा विद्यालय व्यवस्थापन समिति अध्यक्ष र विद्यार्थी ७० प्रतिशत, प्राचार्य ५० प्रतिशत, शिक्षक अभिभावक संघ ६० प्रतिशत र शिक्षक ६५ प्रतिशतले आफ्नो सहमति जनाएका थिए ।

**४.४.२ विद्यार्थीलाई पढ्न समय दिने**

विद्यार्थीको शैक्षिक उपलब्धि वृद्धि गर्नको लागि उनीहरुलाई प्रशस्त समयको आवश्यकता पर्दछ । यसको मर्म शिक्षक र अभिभावक दुवैले बुझ्नु पर्दछविद्यार्थीको शैक्षिक उपलब्धि वृद्धि गर्नको लागि उनीहरुलाई प्रशस्त समयको आवश्यकता पर्दछ । यसको मर्म शिक्षक र अभिभावक दुवैले बुझ्नु पर्दछ । उच्च माध्यमिक विद्यालयको शैक्षिक उपलब्धि वृद्धि गर्नको लागि विद्यार्थीलाई समय दिनुपर्दछ भन्नेमा विद्यालय व्यवस्थापन समिति १० प्रतिशत, प्राचार्य र शिक्षक अभिभावक संघ र शिक्षक २० प्रतिशत र विद्यार्थी १० प्रतिशतले आफ्नो सहमति जनाएका थिए । यस अन्तर्गत निम्न कुराहरु पर्दछन् ।

**विद्यार्थीको घरायासी कार्यबोझ कम गर्ने**

घरयासी कार्यबोझले गर्दा विद्यार्थीले आफ्नो स्वअध्ययन र पूर्ण विषयगत तयारी गर्न सक्दैनन् । घरायासी कार्यबोझ कम गर्नुपर्छ भन्नेमा विद्यालय व्यवस्थापन समिति अध्यक्ष ९० प्रतिशत, प्राचार्य, विद्यार्थी ८० प्रतिशत, शिक्षक अभिभावक संघ ७५ प्रतिशत र शिक्षक ८५ प्रतिशतले आफ्नो सहमति जनाएका थिए ।

**अभिभावक र शिक्षकले विद्यार्थीलाई अतिरिक्त समय दिने**

ममाध्यमिक विद्यालयको शैक्षिक उपलब्धि वृद्धि गर्नको लागि घरमा अभिभावकले र विद्यालयमा शिक्षकले विद्यार्थीको लागि केही अतिरिक्त समय खर्च गरी उनीहरुलाई सहयोग गर्नु पर्दछ । अभिभावक र शिक्षक दुवैले अतिरिक्त समय दिनुपर्छ भन्नेमा विद्यालय व्यवस्थापन समिति अध्यक्ष ४० प्रतिशत, प्राचार्य ५० प्रतिशत, शिक्षक अभिभावक संघ ५५ प्रतिशत, शिक्षक ७० प्रतिशत र विद्यार्थी ८० प्रतिशतले आफ्नो सहमति जनाएका थिए ।

**४.४.३ अभिभावकलाई चेतना दिने**

विद्यार्थीबाट सही शैक्षिक उपलब्धि वृद्धि गर्नको लागि अभिभावक चेतनशिल हुनुपर्दछ । त्यसैले शिक्षकहरुले समय समयमा अभिभावकसँग भेटघाट गरी उचित परामर्स दिनुपर्दछ । अभिभावकलाई चेतना दिनुपर्दछ भन्नेमा विद्यालय व्यवस्थापन समिति अध्यक्ष २० प्रतिशत, प्राचार्य २० प्रतिशत, शिक्षक अभिभावक संघ १० प्रतिशत, शिक्षक १५ प्रतिशत र विद्यार्थी ५ प्रतिशतले आफ्नो सहमति जनाएका थिए । अभिभावकलाई चेतना दिने अन्तर्गत निम्न कुराहरु पर्दछन् ।

**शिक्षक अभिभावक अन्तरक्रिया गर्ने**

कुनै साधनद्वारा विद्यार्थीको मूल्याङ्कन गरिसकेपछि अभिभावक भेला बोलाइ अन्तरक्रिया गर्नु पर्दछ । जसबाट अभिभावकले आफ्नो नानीहरुको आनिबानी र पढाइप्रति जानकारी प्राप्त गरी सचेत हुन्छन् । शिक्षक अभिभावकबीच अन्तरक्रिया गर्न विद्यालय व्यवस्थापन समिति अध्यक्ष ८० प्रतिशत, प्राचार्य ७० प्रतिशत, शिक्षक अभिभावक संघ ८५ प्रतिशत, शिक्षक ७५ प्रतिशत र विद्यार्थी ९० प्रतिशतले आफ्नो सहमति जनाएका थिए ।

**घरदैलो कार्यक्रम गर्ने**

विद्यार्थीको घरयासी पृष्ठभूमी जान्नको लागि शैक्षिक सत्रको शुरुमा विद्यार्थीको घर-घरमा शिक्षक गई आवश्यक जानकारी लिनुपर्दछ । घरदैलो गर्ने भन्नेमा विद्यालय व्यवस्थापन समिति अध्यक्ष र शिक्षक ९० प्रतिशत, प्राचार्य र विद्यार्थी ८० प्रतिशत र शिक्षक अभिभावक संघ ७५ प्रतिशतले आफ्नो सहमति जनाएका थिए ।

### ४.४.४ शैक्षिक सामग्रीको प्रयोग गर्ने

विद्यार्थीको शैक्षिक उपलब्धि वृद्धि गर्न शैक्षिक सामग्रीको प्रयोग र निर्माण गर्नुपर्दछ । शैद्धान्तिक तरिकाले नसिकेका कतिपय कुराहरु शैक्षिक सामग्रीको प्रयोगबाट मुर्त रुपबाट शिक्षण गर्न सकिन्छ । शैक्षिक सामग्रीको प्रयोग गर्नुपर्छ भन्नेमा विद्यालय व्यवस्थापन समिति अध्यक्ष, प्राचार्य २० प्रतिशत, शिक्षक अभिभावक संघ, शिक्षक र विद्यार्थी १५ प्रतिशत आफ्नो सहमति जनाएका थिए । शैक्षिक सामग्री अन्तर्गत निम्न सामग्रीहरु  पर्दछन् ।

**शिक्षकद्वारा निर्मित सामग्री**

शिक्षकले सामग्रीहरु आफै निर्माण गर्ने र प्रयोग गर्ने सीप हुनु पर्दछ । शिक्षकले सामग्री निर्माण र प्रयोग गर्नु पर्दछ भन्नेमा विद्यालय व्यवस्थापन समिति अध्यक्ष ७० प्रतिशत, प्राचार्य ५० प्रतिशत, शिक्षक अभिभावक संघ  ६० प्रतिशत, शिक्षक ५५ प्रतिशत र विद्यार्थी ८५ प्रतिशतले आफ्नो सहमति जनाएका थिए ।

**विद्यार्थीद्वारा निर्मित सामग्री**

विद्यार्थीहरुले पनि शैक्षिक सामग्रीहरु निर्माण र प्रयोग गर्नुपर्दछ । जसबाट उनीहरुलाई ठोस उपलब्धि प्राप्त हुन्छ । विद्यार्थीद्वारा सामग्री निर्माण गर्नुपर्छ भन्नेमा विद्यालय व्यवस्थापन समिति अध्यक्ष ६० प्रतिशत, प्राचार्य ७० प्रतिशत, शिक्षक अभिभावक संघ  ५५ प्रतिशत, शिक्षक ८५ प्रतिशत र विद्यार्थी ६५ प्रतिशतले आफ्नो सहमति जनाएका थिए ।

### ४.४.५ निरन्तर मूल्याङ्कन गर्ने

विद्यार्थी मूल्याङ्कनका विभिन्न प्रकारहरुमध्ये निरन्तर मुल्याङ्कन पनि एक हो । सिकाइको क्रममा प्रत्येक विद्यार्थीले हाँसिल गरेका सिकाइ उपलब्धि लेखाजोखा गरी उनीहरुलाई आवश्यक सुधार गर्नु निरन्तर मूल्याङ्कन हो । निरन्तर मूल्याङ्कन हुनुपर्छ भन्नेमा विद्यालय व्यवस्थापन समिति अध्यक्ष र प्राचार्य १० प्रतिशत, शिक्षक अभिभावक संघ २० प्रतिशत, शिक्षक र विद्यार्थी २५ प्रतिशतले आफ्नो सहमति जनाएका थिए । निरन्तर मूल्याङ्कन अन्तर्गत निम्न कुराहरु पर्दछन् ।

**परीक्षा लिएर**

त्रैमासिक, अर्धवार्षिक र वार्षिक रुपमा परीक्षा लिएर कक्षा चढाउने चलन छ । विद्यार्थीहरुको गृहकार्य कक्षाकार्य प्रश्नावली आदिबाट निरन्तर मूल्याङ्कन गर्नुपर्छ भन्नेमा विद्यालय व्यवस्थापन समिति अध्यक्ष ५० प्रतिशत, प्राचार्य र शिक्षक अभिभावक संघ ६० प्रतिशत, शिक्षक ७५ प्रतिशत र विद्यार्थी ७० प्रतिशतले आफ्नो सहमति जनाएका थिए ।

**अवलोकनबाट**

विद्यार्थीको हरेक आनीबानीको शिक्षकद्वारा अवलोकन गरी आवश्यक सुधार गरिएको हुनुपर्दछ । विद्यार्थीको शैक्षिक उपलब्धि वृद्धिमा अवलोकन गर्नुपर्छ भन्नेमा विद्यालय व्यवस्थापन समिति अध्यक्ष ६० प्रतिशत, प्राचार्य र विद्यार्थी ८० प्रतिशत, शिक्षक अभिभावक संघ ५० प्रतिशत र शिक्षक ६० प्रतिशतले आफ्नो सहमति जनाएका थिए ।

**४.४.६ तालिम प्राप्त शिक्षकको व्यवस्था गर्ने**

कुनै पनि व्यक्तिले आफुसँग भएको ज्ञान, सीप र अभिवृद्धिलाई परिष्कृत गर्न वा आफूमा भएको अभाव पूर्ति गर्न वा कमजोर हटाउने साधन नै तालिम हो । तालिम भनेको सिकाइ अनुभव हो । विद्यार्थीको शैक्षिक उपलब्धि वृद्धि गर्न तालिमको आवश्यकता पर्दछ भन्नेमा विद्यालय व्यवस्थापन समिति अध्यक्ष, प्राचार्य शिक्षक अभिभावक संघ, शिक्षक २० प्रतिशत र शिक्षक १५ प्रतिशतले आफ्नो सहमति जनाएका थिए । तालिम प्राप्त शिक्षकको व्यवस्था निम्न तरिकाले गर्न सकिन्छ ।

**तालिम प्राप्त शिक्षक नियुक्त गरेर**

माध्यमिक विद्यालयका शिक्षकहरुले माध्यमिक विद्यालयमा पढाउने र योग्यता नपुगेको र तालिम अप्राप्त शिक्षकहरुले पढाउनुभन्दा शिक्षक नियुक्ति गर्दा तालिम प्राप्त शिक्षक नियुक्ति गर्नुपर्छ भन्नेमा विद्यालय व्यवस्थापन समिति अध्यक्ष ५० प्रतिशत, प्राचार्य ७० प्रतिशत, शिक्षक अभिभावक संघ ५५ प्रतिशत, शिक्षक ७५ प्रतिशत र विद्यार्थी ८५ प्रतिशतले आफ्नो सहमति जनाएका थिए ।

**विषयगत तालिम प्रदान गर्ने**

तालिम अप्राप्त शिक्षकहरुलाई विषयगत तालिम दिएर, विद्यार्थीको भावना बुझेर, प्रोत्साहन गरी सिकाउनु पर्छ । विषयगत तालिम दिनुपर्छ भन्नेमा विद्यालय व्यवस्थापन समिति अध्यक्ष प्राचार्य ६० प्रतिशत, शिक्षक अभिभावक संघ ७० प्रतिशत, शिक्षक ९० प्रतिशत र विद्यार्थी ८० प्रतिशतले आफ्नो सहमति जनाएका थिए ।

# परिच्छेद : पाँच :प्राप्ति, निष्कर्ष र सुझाव

यस परिच्छेदमा सामुदायिक तथा संस्थागत विद्यालयको शैक्षिक उपलब्धि शीर्षकमा सङ्कलन गरिएको तथ्याङ्कको व्याख्या र विश्लेषणबाट प्राप्त जानकारीको आधारमा प्राप्ति र प्राप्तिको आधारमा निष्कर्ष निकालिएको छ । साथै माध्यमिक विद्यालय तहको शैक्षिक उपलब्धि वृद्धि गर्न सुझाव समेत प्रस्तुत गरिएको छ ।

## ५.१ प्राप्ति

तथ्याङ्कको व्याख्या र विश्लेषणबाट प्राप्त जानकारीको आधारमा प्राप्ति प्रस्तुत गरिएको छ । वि.स. २०७० सालको एस.एल.सी. नतिजा विवरण अनुसार सबभन्दा बढी पक्लिहवा माध्यमिक विद्यालयको २३.४६ प्रतिशत र सबभन्दा कम बेलहिया माध्यमिक विद्यालयको ६.९ प्रतिशत पाइयो । २०७१ सालको नतिजा अनुसार सबभन्दा बढी उत्तीर्ण भैरहवा नमुना  उच्च माध्यमिक विद्यालयको ४९.५३ प्रतिशत र सबभन्दा कम बेलहिया माध्यमिक विद्यालयको ९.५८ प्रतिशत र २०७२ सालको नतिजा विवरणमा सबभन्दा बढी भैरहवा नमुना  उच्च माध्यमिक विद्यालयको ६७.५ प्रतिशत र सबभन्दा कम बुद्धज्योति उच्च माध्यमिक विद्यालयको ३३.३३ प्रतिशत देखियो । यसरी तीन वर्षको नतिजा विश्लेषण गर्दा शैक्षिक उपलब्धि सन्तोषजनक पाइएन ।

यसरी २०७० र २०७१ सालको शैक्षिक उपलब्धि सन्तोषजनक पाइन । तीनवटै वर्षको औसत उपलब्धि ५० प्रतिशतभन्दा कम पाइएकोलेको शैक्षिक उपलब्धि पनि सन्तोषजनक पाइएन ।

विषयगत परीक्षाको नतिजाको विश्लेषण गर्दा अंग्रेजी विषयमा २०७० सालमा सबै माध्यमिक विद्यालयहरुको ४० प्रतिशत भन्दा कम उत्तीर्ण भएको पाइयो । २०७१ सालमा भैरहवा नमुना उच्च माध्यमिक विद्यालयको ५६.७५ प्रतिशत उत्तीर्ण पाइएता पनि अन्य सबै माध्यमिक विद्यालयहरुको ५० प्रतिशत भन्दा कम उत्तीर्ण भएको पाइयो । २०७१ सालमा महात्माबूद्ध उच्च माध्यमिक विद्यालयमा ४५.५४ प्रतिशत र अन्य सबैको ५० भन्दा माथि पाइयो । २०७२ सालको अंग्रेजी विषयको उपलब्धि सन्तोषजनक पाइयो ।

विद्यार्थीहरुको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वहरुमा शैक्षिक तत्व, भौतिक तत्व, आर्थिक तत्व, सामाजिक तत्व र मनोवैज्ञानिक तत्व रहेको पाइयो । शैक्षिक तत्व अन्तर्गत शिक्षित र अशिक्षित अभिभावक हरुले विद्यार्थीहरु प्रति गर्ने व्यवहार फरक पाइयो । विद्यार्थीको पढाइ स्तर कमी पाइयो । भौतिक तत्व अन्तर्गत विद्यालय भवन र पुस्तकालय रहेका थिए । आर्थिक तत्व अन्तर्गत सरकारले विद्यालयलाई दिने अनुदान र विद्यालयको आफ्नै स्रोत रहेको थियो । सामाजिक तत्व अन्तर्गत शिक्षामा सामाजिकीकरण नहुनु र समाजको शिक्षा प्रति सकारात्मक धारणा नहुनु थियो । मनोवैज्ञनिक तत्व अन्तर्गत बेरोजगारी सृजना गर्ने शिक्षा, अभिभावकले विद्यार्थीसंग गर्ने व्यवहार रहेको थियो । पढाइ स्तरमा कमी हुनुमा विद्यार्थी स्वयंम् जिम्मेवारी रहेकोमा ५० प्रतिशत रहेको पाइयो । भौतिक तत्व अन्तरगतको विद्यालय भवन र पुस्तकालयले शैक्षिक उपलब्धिमा कमी रहेको पाइयो । आर्थिक तत्वमा विद्यालयको स्रोत  र सरकारी अनुदान प्रर्याप्त नभएकोले शैक्षिक उपलब्धि कम भएकोमा ५० प्रतिशत रहेको पाइयो । सामाजिक तत्वमा शिक्षामा सामाजिकीकरण नहुनु र समाजमा शिक्षाको धारणा सकारात्मक नहुनमा ४० प्रतिशत पाइयो । मनोवैज्ञानिक तत्वमा बेरोजगार उत्पादन गर्ने शिक्षा र अभिभावकले छोराछोरीलाई व्यवहारले शैक्षिक उपलब्धिमा कमी पाइयो ।

शैक्षिक उपलब्धिमा देखिएको कमजोरीमा विद्यार्थीको पढ्ने भावनामा कमी हुनु अन्तर्गत पढेर जागिर खाने सोचाइ र पढाइमा आत्म विश्वासको कमी रहेको पाइयो । शिक्षणविधि उपयुक्त नहुनु अन्तर्गत शिक्षक केन्द्रित विधि हुनु र सैद्धान्तिक ज्ञान दिनु रहेको थियो । अशिक्षित अभिभावक हुनु अन्तर्गत आफ्ना छोराछोरीको पढाइमा निगरानी नराख्ने र घराएसी कार्य बोझ दिने रहेको थियो । अयोग्य शिक्षक अन्तर्गत योग्यता नपुगेको शिक्षक र शिक्षण क्षमता नभएको शिक्षक पाइयो । शैक्षिक सामग्रीको अभाव हुनु अन्तर्गत शिक्षकले शैक्षिक सामग्रीको प्रयोग गर्न नजान्नु र विद्यार्थीले शैक्षिक सामग्री नकिन्ने रहेको थियो ।

माध्यमिक विद्यालयको शैक्षिक उपलब्धि वृद्धि गर्ने उपायमा उपयुक्त बसाइ व्यवस्था, उपयुक्त सामाग्री दिने विद्यार्थीलाई पढ्न समय दिने, अभिभावकलाई चेतना दिने, शैक्षिक सामाग्रीको अधिकत्तम प्रयोग गर्ने निरन्तर मूल्याङ्कन गर्ने, तालिम प्राप्त

शिक्षकको व्यवस्था गर्ने, विद्यार्थीलाई कार्यबोझ कम गर्नु, शिक्षक विद्यार्थी बीच अन्तरक्रिया गर्ने, घरदैलो गर्ने पाइयो ।

## ५.२ निष्कर्ष

यो अध्ययनमा प्राप्त तथ्याङ्कको व्याख्या तथा विश्लेषण गरी प्राप्तीको आधारमा अध्ययनको निष्कर्षलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

एस.एल.सीको तीनवटै वर्षमा अनिवार्य अंग्रेजीको उत्तीर्ण उपलब्धि सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयको उत्तम छ । सन्दर्भ सामग्रीको कमी, अतिरिक्त कक्षा नलिनु, अभिभावकलाई सचेतीकरण बनाउन नसकको देखिन्छ । एस.एल.सी. नतिजा विवरणको विश्लेषण गर्दा सन्तोषजनक रहेको छैन । तीनवटै वर्षको औसत उपलब्धि ५० प्रतिशत भन्दा कम रहेको छ । विषयगत उपलब्धिमा अंग्रेजी विषय (२०७०, २०७१) संस्थागत माध्यमिक विद्यालयहरुको ५० प्रतिशत भन्दा बढी रहेको छ ।  २०७२ सालको अंग्रेजी विषयको शैक्षिक उपलब्धि दुवै खाले विद्यालयकोहरुको औषतमा ५० प्रतिशत भन्दा माथि भएकोले सन्तोषजनक रहेको छ ।

सरकारले अक्षरांक पद्धति लागू गरेपछि विद्यार्थीको शैक्षिक उपलब्धि विगतका वर्षहरुमा भन्दा सन्तोषजनक मान्न सकिन्छ । २०७२ सालको समग्र शैक्षिक उपलब्धि बृद्धि हुनुमा शिक्षक अभिभावक संघले विद्यार्थीको मनोभावना बुझेर व्यवहार गरेको पाइएको छ । शैक्षिक उपलब्धि कम हुनुमा विद्यार्थी स्वयंम् जिम्मेवारीमा ५० प्रतिशत रहेको छ । शैक्षिक उपलब्धिमा भौतिक सुविधाको कमीमा २० प्रतिशत आर्थिक स्रोत कमीले ५० प्रतिशत र शिक्षामा सामाजिकीकरण नहुनुमा ४० प्रतिशत रहेको छ ।

अभिभावकले विद्यार्थीलाई असल व्यवहार गर्ने, पढाइको स्तर वृद्धिका उपाय अवलम्वन गर्ने, आवश्यक पुस्तक, सन्दर्भ सामाग्रीको उचित व्यवस्था गरिदिने, विद्यालयको स्रोत वृद्धि गर्ने शिक्षा प्रति समाजको सकरात्मक धारणा जागृत गराउने, गरि खाने शिक्षा वा अर्को अर्थमा भन्नु पर्दा सिपमुलक शिक्षा अहिलेको आवश्यकता हो । विद्यालयहरुले परम्परागत सिकाईबाट माथि उठेर विद्यार्थीको लागि दैनिक जीवन यापनमा आवश्यक पर्ने खालका प्राविधिक विषयहरुको व्यवस्था गरी सोहि बमोजिमको सिकाई हुनु आवश्यक देखिन्छ ।

विद्यार्थीलाई भौतिक सुविधाको व्यवस्था गर्ने शैक्षिक सामग्रीको व्यवस्था गर्ने, उचित समय दिने, निरन्तर मूल्याङ्कन गर्ने, तालिम प्राप्त शिक्षकको व्यवस्था गर्नु पर्दछ ।

## ५.३ सुझाव

विद्यालयको शैक्षिक उपलब्धिको गुणस्तर अभिबृद्धि गर्नका लागि एउटा मात्र पक्ष सुधारेर भन्दा पनि यस संग सम्बन्धित विभिन्न पक्षहरुलाई सुधार्नु आवश्यक पर्दछ । विद्यालयसंग प्रत्यक्ष सरोकार राख्ने समुदाय, शिक्षक, विद्यार्थी, अभिभावक, वि.व्य.स. आदि पक्षहरुको उचित समायोजनले मात्र विद्यालयको शैक्षिक उपलब्धि बृद्धि गर्न सकिन्छ ।

सामुदायिक विद्यालयले जति सुकै राम्रो अथवा नराम्रो नतिजा ल्याए पनि शिक्षक वर्गका लागि दण्ड पुरस्कारको कुनै पनि कुरा समावेश नगरिनु, शैक्षिक उपलब्धिलाई लिएर शिक्षकको मूल्यांकन गर्ने निकाय नहुनु आदि कारणले शिक्षकहरुमा चरम लापरवाही बढिरहेको पाइन्छ । निजी विद्यालयहरुको गुणस्तर बढनु भनेकै पुरस्कार र दण्ड हो । तर विडम्बना विद्यालय व्यवस्थापन समितीले सामुदायिक विद्यालयका शिक्षकको लागि चासो दिन सकेको छैन न त सरकारले नै ।

सरकारले निकै न्यून रुपमा गर्ने लगानी पनि सामुदायिक विद्यालयमा उचित व्यवस्थापन हुन सकिरहेको छैन । लगानी पनि कम हुने र त्यो व्यवस्थापन पनि हुन नसक्नुले पनि सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि संस्थागत विद्यालयको तुलनामा कमजोर भएको हो कि भन्ने लाग्छ । तसर्थ उचित लगानीको समुदाय, शिक्षक, प्रधानाध्यापक सबै पक्षबाट संरक्षण हुन पनि आवश्यक छ ।

खास गरी माध्यमिक विद्यालय तहको शैक्षिक उपलब्धिलाई वृद्धि गर्ने सुझावलाइ नीतिगत तह, कार्यान्वयन तह र अनुसन्धान तहमा वर्गिकरण गरी प्रस्तुत गरिएको छ :

### ५.३.१ नीतिगत तह

छनौटका १० वटै माध्यमिक विद्यालयहरुमा विद्यार्थीहरुको उत्तीर्ण प्रतिशत र उपलब्धि स्तर ज्यादै न्युन देखिएको छ । यसरी उत्तिर्ण प्रतिशत र उपलब्धि स्तर न्युन

हुनमा तालिम प्राप्त, दक्ष अनुभवी योग्यता पुगेका शिक्षकबाट अध्यापन हुन नपाएर पनि हुन सक्छ । तसर्थ  शिक्षा मन्त्रालयले उच्च माध्यमिक तहमा शैक्षिक उपलब्धिमा बृद्धिमा कार्यक्रमहर सञ्चालनका कार्यक्रम बनाई त्यसको कार्यन्वयन गर्नु पर्दछ । आवश्यक शिक्षक दरबन्दिको व्यवस्था गर्ने, निर्देशन गर्ने र नियन्त्रण गर्ने कार्य गर्नु पर्दछ । त्रिभुवन विश्वविद्यालयले आवश्यक पाठ्यक्रमको निमार्ण, सुधार एवम् परिमार्जन गर्नु पर्दछ । शैक्षिक जनशक्ति केन्द्रले शिक्षकलाई आवश्यक विषयगत तालिमको व्यवस्था र आवश्यक शैक्षिक सामग्रीको व्यवस्था मिलाउनु पर्दछ ।

माध्यमिक विद्यालय मा अध्ययनरत शिक्षकहरुको योग्यता सम्बन्धित विषयमा स्नाकोत्तर तह उत्तीर्ण हुनुपर्ने नियम भएतापनि कार्यक्षेत्रमा काम गर्ने झण्डै २५ प्रतिशत शिक्षकहरुको योग्यता स्नाकोत्तर तह उत्तीर्ण नरहेकोले हाल कार्यरत स्नातक उत्तीर्ण शिक्षकहरुलाई उच्च अध्ययनको अवसर प्रदान गरिनु पर्दछ । जहाँ उच्च माध्यमिक विद्यालय अवस्थित छ, उक्त विद्यालयको माध्यमिक तहमा रिक्त हुन आउने शिक्षक दरबन्दीमा जि.शि.का.ले स्नाकोत्तर तह उत्तीर्ण शिक्षकहरुलाई नियुक्ति गर्ने वा सरुवा गरी ल्याउने व्यवस्था मिलाउनु पर्दछ ।

छनौटमा परेका माध्यमिक विद्यालय हरुमा आर्थिक स्रोतको कमीले गर्दा धेरै समस्याहरु सिर्जना भएको पाइयो । यसरी आर्थिक समस्या विद्यमान हुनुको कारण उच्च माध्यमिक विद्यालय हरको स्रोत परिचालन गर्न नसकेकाले हुन सक्छ तसर्थ आफ्ना क्षेत्रमा उपलब्ध स्रोतहरुलाई उपयुक्त ढङ्गबाट परिचालन गर्न प्राचार्य, विद्यालय व्यवस्थापन समिति तथा अन्य सम्बन्धित अभिभावकहरुलाई स्रोत परिचालनमा विविध उपायहरुका सम्बन्धमा शैक्षिक जनशक्ति विकास केन्द्रले तालिम प्रदान गर्नु पर्दछ ।

माध्यमिक विद्यालयहरुमा देखिएका शैक्षिक समस्याहरु समाधान गर्न कार्यक्रमका योजना तयार गर्दा देखि नै विद्यार्थी र समुदायलाइ समावेश गरेर योजनालाई निर्माण र कार्यान्वयन गराउनु पर्दछ । साथै समय समयमा सामुदायिक मेलमिलाप, विद्यालय, समुदायको सम्बन्धी र विद्यार्थीको दायित्व जस्ता विषयमा कार्यक्रमहरु संचालन गरी विद्यार्थी र समुदायलाइ चेतनशील बनाउनु पर्दछ ।

### ५.३.२ कार्यान्वयन तह

विद्यालयले जिल्ला शिक्षा कार्यालय, शिक्षा मन्त्रालय र शिक्षा विभागले वनाएका नीति नियमहरुको प्रभावकारी रुपमा कार्यान्वायन गर्नुपर्छ । प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिले विद्यालय व्यवस्थापन समितिको वैठकमा शैक्षिक उपलब्धि वृद्धि गर्ने विषयमा छलफल गरी कार्यान्वायन गर्नुपर्दछ । विद्यालयले अभिभावकहरुबीच अन्तक्रिया कार्यक्रम राख्नु पर्दछ । विद्यालयमा निरन्तर मूल्याङ्कन गर्नु पर्दछ । मेघावी छात्रछात्रालाई उचित सम्मान तथा पुरस्कार दिनुपर्दछ । शिक्षकले छात्रछात्राबीच सकारात्मक व्यवहार गर्नु पर्दछ । कमजोर विद्यार्थीलाइ अतिरिक्त कक्षाको व्यवस्था मिलाउनु पर्दछ । विद्यार्थीहरुको प्रगति विवरण अभिभावकहरुलाइ दिनुपर्दछ । प्रयाप्त पुस्तक र सन्दर्भ सामग्रीको प्रयोग गर्नु पर्दछ । प्रवचन विधिमा नभइ विद्यार्थी केन्द्रित विधि अपनाउनु पर्दछ । शिक्षकहरुलाई उचित पुरस्कार र दण्डको व्यवस्था गर्नु पर्दछ ।

जिल्ला शिक्षा कार्यालयले शैक्षिक सुधारका कार्यक्रम बनाइ कार्यन्वयन गराउनु पर्दछ । आवश्यक शिक्षक दरबन्दीको माग गर्नुपर्दछ । विद्यालय व्यवस्थापन समितिले शिक्षक, विद्यार्थी अभिभावक विच समन्वय गराउनु पर्दछ । आवश्यक आचार संहिता बनाइ लागु गर्नुपर्दछ । उचित शैक्षिक वातावरणको सृजना गर्नु पर्दछ । प्रधानाध्यापकले शिक्षकहरुको कक्षा अवलोकन गर्ने, शिक्षक, विद्यार्थी अभिभावक, विद्यालय व्यवस्थापनसंग सुमधुर सम्बन्ध कायम गर्नु पर्दछ । शिक्षक र विद्यार्थीलाई पुरस्कारको सिफारिस गर्नु पर्दछ । विद्यालय निरीक्षकले विद्यालयको अनुगमन गरी आवश्यक सुझाव शिक्षकहरुलाई दिनु पर्दछ ।

### ५.३.३ अनुसन्धान तह

विद्यार्थी अनुत्तीर्ण भएमा राष्ट्र, विद्यालय र अभिभावकको लगानी खेरा गएको हुन्छ । यसरी लगानी अनुसारको उपलब्धि प्राप्त गर्न माध्यमिक विद्यालयको शैक्षिक स्थितिमा अपेक्षित सुधार हुनु जरुरी छ । यसरी माध्यमिक विद्यालय तहको शैक्षिक उपलब्धिमा सुधार ल्याउन सरोकारवालाहरुले वृहत रुपमा अनुसन्धान गर्नुपर्ने देखिएको छ । यस अध्ययनले भैरहवा स्रोतकेन्द्रका दशवटा विद्यालयलाई मात्र छनौट

गरेकोले यही विषय जिल्ला भरि माध्यमिक विद्यालयको अध्ययन गर्न सके अध्ययनले वास्तविकता पाउने थियो ।

माध्यमिक विद्यालयहरुमा शैक्षिक उपलब्धि वृद्धिमा स्थानीय निकायको योगदान, माध्यमिक विद्यालयको शैक्षिक उपलब्धि वृद्धिमा गर्नुपर्ने क्रियाकलाप र माध्यमिक विद्यालयको शैक्षिक उपलब्धिमा असर पार्ने तत्वहरु शीर्षकमा अध्ययन गर्न सुझाव प्रस्तुत गरिएको छ ।

# सन्दर्भ सामाग्री


अर्याल बैकुण्ठ प्रसाद (२०६७), *शैक्षिक विकासका विविध पक्षहरु,* काठमाडौ : *सोपान मासिक प्रकाशन*।

आचार्य, बसन्त विवस (१२ जुन २०१२), *सामुदायिक विद्यालय किन सधै पछाडि,* retrieved from www.karnadhaar.org

अधिकारी, विष्णुप्रसाद (२२ जेठ २०६९), *सामुदायिक विद्यालयका चूनौती र समाधानका उपायहरु,* retrieved from www.sajhakura.com.np

कानून किताब व्यवस्था समिति (२०५९), *शिक्षा ऐन २०२८,* तथा शिक्षा नियमावली (२०५९), काठमाण्डौ : साझा प्रकाशन ।

खनाल पेशल (२०६७), *शैक्षिक अनुसन्धान पद्वति,* काठमाडौ : सनलाइट पब्लिकेशन ।

गौतम, दिनानाथ (२०६५), *शैक्षिक प्रशासन सुपरिवेक्ष(ा सहायक,* पुतलिसडक, काठमाडौँ ; प्रशान्ति पुस्तक भण्डार ।

वेल्वासे नारायण प्रसाद र खनाल शिवलाल (२०७२), *सामाजिक न्याय शिक्षा,* काठमाण्डौः अपि सैपाल पब्लिकेसन प्रा. लि.

वेल्वासे नारायणप्रसाद, वेल्वासे अम्बिका, खनाल शिवलाल र भण्डारी मुकुन्दप्रसाद (२०६६), *शैक्षिक मनोविज्ञान,* काठमाण्डौः अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन ।

संसदीय व्यवस्थापिका (२०५९), *शिक्षा ऐन तथा नियमावली,* (छैटौ संसोधन, २०६७), काठमाण्डौः साझा प्रकाशन ।

संसदीय व्यवस्थापिका (२०६३), नेपालको अन्तरिम संविधान, काठमाण्डौः साझा प्रकाशन ।

सिंह, नागेश्वर (२०६३), *शिक्षाका आधारहरु,* काठमाडौ : पैरवी प्रकाशन ।

*विद्यालय क्षेत्र सुधार योजना (२०६६)* शिक्षा मन्त्रालय ।

# अनुसूची १

## सामुदायिक तथा संस्थागत विद्यालयका शैक्षिक उपलब्धि

## विद्यालय सर्वेक्षण फारम

| शैक्षिक सत्र | परीक्षामा सम्मिलित | | | उत्तीर्ण | | | उत्तीर्ण प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| २०७० | | | | | | | |
| २०७१ | | | | | | | |
| २०७२ | | | | | | | |

# अनुसूची २

## सामुदायिक तथा संस्थागत विद्यालयका शैक्षिक उपलब्धि

## उत्तीर्णदर विवरण फारमको नमुना

**विद्यालयको नाम :**

**ठेगाना :**

| शैक्षिक सत्र | परीक्षामा सम्मिलित | | | उत्तीर्ण | | | उत्तीर्ण प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

## अनुसूची ३

## सामुदायिक तथा संस्थागत विद्यालयका शैक्षिक उपलब्धि

## वि.व्य.स. अध्यक्षको लागि अन्तर्वार्ता प्रश्नावली

विद्यालयको नाम :                                        ठेगानाः

१. तपाई यस मा.वि.को वि.व्य.स.को अध्यक्ष हुनुको मुख्य लक्ष्य के होला ?

..............................................................................................................
.

२. शिक्षकहरुलाई आवश्यक सुझाव दिनु हुन्छ ?

..............................................................................................................
.

३. यस विद्यालयको शैक्षिक गुणस्तर वृद्धिमा समितिको तर्फबाट कस्तो पहल गर्नु भएको छ ?

..............................................................................................................
.

४. शिक्षक अभिभावक र वि.व्य.स. को अन्तरक्रिया गर्नु भएको छ ?

..............................................................................................................
.

५. विद्यार्थी असफल हुनुका कुन कारण देख्नु हुन्छ ?

..............................................................................................................
.

६. समितिको तर्फबाट शिक्षकलाई पुरस्कार र दण्डको कुनै व्यवस्था गर्नु भएको छ ?

..............................................................................................................
.

७. विद्यार्थीको शैक्षिक उपलब्धिमा कुन तत्वले प्रभाव पारेका होलान् ?

....................................................................................................

.

८. तपाई शैक्षिक पक्षमा के कस्ता समस्या देख्नु भएको छ ?

....................................................................................................

.

९. तपाईको विद्यालयमा शैक्षिक, आर्थिक र भौतिक पक्षहरु मध्ये कुन पक्षको राम्रो व्यवस्था भएको अनुभव गर्नु भएको छ ?

....................................................................................................

.

१०. शैक्षिक गुणस्तर वृद्धिको लागि केही उपायहरु अपनाउनु भएको छ ?

....................................................................................................

.

११. शिक्षक, विद्यार्थीले भोगेका समस्याहरु के के हुन् ?

....................................................................................................

.

१२. शैक्षिक गुणस्तरका लागि कुनै आचार संहिता अपनाउनु भएको छ ?

....................................................................................................

## अनुसूची ४

## सामुदायिक तथा संस्थागत विद्यालयका शैक्षिक उपलब्धि

## प्रधानाध्यापकको लागि अन्तर्वार्ता प्रश्नावली

**विद्यालयको नामः** **ठेगानाः**

१. तपाईको विद्यालयको एस.एल.सी. नतिजाको परिमाण कस्तो छ ?

.........................................................................................................................

.

२. शिक्षकहरुको कक्षा अवलोकन गर्नुहुन्छ ?

.........................................................................................................................

.

३. विषयगत शिक्षकको व्यवस्था गर्नुभएको छ ?

.........................................................................................................................

४. विद्यार्थी असफल हुनुको प्रमुख कारण के होला ?

.........................................................................................................................

.

५. शिक्षक अभिभावक अन्तरक्रिया गर्नु भएको छ ?

..........................................................................................................

.

६. शैक्षिक उपलब्धि बृद्धि गर्न कुन कुन तत्वले प्रभाव पारेका छन् ?

..........................................................................................................

.७. शैक्षिक गुणस्तर वृद्धिका लागि अतिरिक्त विषयहरुको अध्यापन गराइएको छ ?

..........................................................................................................

८. विद्यार्थीको शैक्षिक उपलब्धिको जाँच कसरी गर्नुहुन्छ ?

..........................................................................................................

९. विद्यार्थी प्रगति विवरण अभिभवाकलाई दिनुहुन्छ ?

..........................................................................................................

१०. शैक्षिक गुणोस्तर वृद्धिका लागि शिक्षक स्टाफ मिटिङ्ग बस्ने र छलफल गर्ने गरिन्छ ?

..........................................................................................................

११. शैक्षिक पक्षमा भएका प्रमुख समस्याहरु के के हुन ?

..........................................................................................................

१२. तपाईको विद्यालयमा शैक्षिक आर्थिक र भौतिक पक्ष मध्ये कुन पक्षको राम्रो व्यवस्था भएको अनुभव भएको छ ?

..........................................................................................................

१३. शैक्षिक समस्या समाधान गर्ने कस्ता कस्ता उपायहरु अपनाउनु भएको छ?

..........................................................................................................

# अनुसूची ५

## सामुदायिक तथा संस्थागत विद्यालयका शैक्षिक उपलब्धि

## शिक्षकका लागि अन्तर्वार्ता प्रश्नावली

**शिक्षकको नामः** **ठेगानाः**

**शिक्षण अनुभव**

१. तपाईले पढाउने विषय के होला ?

..........................................................................................................
.

२. तपाईको विषयमा कति प्रतिशत विद्यार्थी उत्तिर्ण हुन्छन् ?

..........................................................................................................
.

३. अनुत्तीर्ण हुनुमा बढी कसको जिम्मेवारी होला ?

..........................................................................................................
.

४. तपाईले विशेष गरी कुन विधिको प्रयोग गर्नुहुन्छ ?

.........................................................................................................

.

५. शैक्षिक स्तर वृद्धिको लागि अतिरिक्त पढाई गर्नुहुन्छ?

.........................................................................................................

.

६. शैक्षिक स्तर वृद्धिको लागि कस्ता सामग्रीके प्रयोग गर्नु हुन्छ?

.........................................................................................................

.

७. तपाईले पढाउनु भन्दा पहिला कतिको तयारी गर्नुहुन्छ ?

.........................................................................................................

.

८. तपाईको विषयको स्तर वृद्धिमा कुन कुन तत्वले असर पारेका छन् ?

.........................................................................................................

.

९. तपाईको विषयको स्तर वृद्धिमा आर्थिक तत्वले कसरी प्रभाव पारेको छ ?

.........................................................................................................

.

१०. तपाईको विषयको स्तर वृद्धिमा सामाजिक तत्वले के कसरी प्रभाव पारेको छ ?

……………………………………………………………………………………………………

.

११. तपाईको विषयको स्तर वृद्धिमा शैक्षिक तत्वले कस्तो असर पारेको छ ?

……………………………………………………………………………………………………

.

१२. तपाई सन्दर्भ पुस्तिकाको प्रयोग गर्नुहुन्छ ?

……………………………………………………………………………………………………

.

१३. तपाईको कक्षा निरीक्षण कस कसबाट हुन्छ ?

……………………………………………………………………………………………………

.

१४. तपाई आफ्नो विषयको मूल्याङ्कन कुन साधनको प्रयोगबाट गर्नुहुन्छ ?

……………………………………………………………………………………………………

.

१५. तपाईको विषयको शैक्षिक सुधार गर्न के गर्नु पर्ला ?

……………………………………………………………………………………………………

.

## अनुसूची ६

## सामुदायिक तथा संस्थागत विद्यालयका शैक्षिक उपलब्धि

## अभिभावकका लागि गरिने अन्तर्वार्ता प्रश्नावली

अभिभावकको नामः

विद्यालयको नामः

१. तपाईको छोराछोरीले पढ्ने विद्यालयमा जानु भएको छ वा छैन?

............................................................................................................................

.

२. तपाईको छोराछोरीको पढाईबाट तपाई कत्तिको सन्तोष हुनुहुन्छ ?

............................................................................................................................

.

३. छोराछोरीको पढाइको लागि तपाई के सहयोग गर्नुहुन्छ ?

............................................................................................................................

.

४. तपाईका छोराछोरीले घरमा पनि पढ्छन् ?

............................................................................................................................

.

५. तपाइईका छोराछोरीको विद्यालयबाट कतिको गुनासो आउने गर्छन् ?

............................................................................................................................

.

६. तपाईको विद्यालयमा पुस्तकालय छ कि छैन ?

..........................................................................................................

.

७. विद्यालय मा पढाउने शिक्षकहरु कस्तो, कस्तो योग्यताका हुनुहुन्छ ?

..........................................................................................................

.

८. विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गराउन तपाईले कुनै सुझाव दिनु भएको छ ?

..........................................................................................................

.

९. तपाईको विचारमा विद्यालयको शैक्षिक उपलव्धी वृद्धि गर्न के–के गर्नुपर्ला ?

..........................................................................................................

.

१०. तपाईले छोराछोरी पढ्ने विद्यालयमा सहयोग गर्नु भएको छ ?

..........................................................................................................

.

११. तपाईको छोराछारीको शैक्षिक उपलव्धीलाई कुन कुराले प्रभाव पारेको होला ?

..........................................................................................................

.

# अनुसूची ७

## सामुदायिक तथा संस्थागत विद्यालयका शैक्षिक उपलब्धि

नामः विद्यालय को नामः

कक्षाः ठेगानाः

१. तपाईलाई शिक्षण गर्नका लागि विषयत शिक्षकको व्यवस्था छ कि छैन ?

..........................................................................................................

.

२. शिक्षकहरुले शिक्षण गर्दा शैक्षिक सामग्रीको प्रयोग गर्नु हुन्छ?

..........................................................................................................

.

३. शैक्षिक सामग्रीको निर्माण आफै गर्नु हुन्छ कि तपाईहरुलाई गर्न लगाउनु हुन्छ ?

..........................................................................................................

.

४. तपाईको आन्तरिक मूल्याङ्कन कसरी गर्नुहुन्छ ?

..........................................................................................................

.

५. तपाईलाई कुन कुन विषय असजिलो लाग्छन् ?

..........................................................................................................

.

६. शिक्षकहरुले समयमा कोर्स पूरा गर्नु हुन्छ ?

...............................................................................................................

.

७. तपाईको कक्षा संचालन भए नभएको निरीक्षण हुन्छ के बाट कसरी हुन्छ ?

...............................................................................................................

.

८. तपाईको विद्यालयमा पुस्तकालय छ ? यदि छ भने तपाई कत्तिको पुस्तकालयको प्रयोग गर्नु हुन्छ ?

...............................................................................................................

.

९. विद्यार्थीको उत्तीर्णदर बढाउन के गर्नु पर्ला ?

...............................................................................................................

.

१०. तपाईको विद्यालयमा प्रयोगशालाको छ ? छ भने कत्तिको प्रयोगात्मक हुन्छ?

...............................................................................................................

.

११. तपाईको विद्यालयको शैक्षिक गुणोस्तरका लागि आर्थिक भौतिक र शैक्षिक कुन पक्षमा सुधार गर्नुपर्ला ?

...............................................................................................................

.